आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणा... पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २७ • अंक ७२ • २०८२ साल साउन १५ गते बिहीबार (31 July, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जनविद्रोह गर्ने यादवको चेतावनी

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमिसम्बन्धी विधेयक फिर्ता नलिईए जनविद्रोह गर्ने चेतावनी दिएका छन् ।

राजविराजमा बुधबार जसपा नेपाल सप्तरीको एकताको प्रथम जिल्ला अधिवेशनलाई उद्घाटन गर्दै अध्यक्ष यादवले भने- 'वर्तमान सरकारले मधेश विरोधी भूमि विधेयक जबर्जस्ती लाद्न खोजिए मधेशी जनता आफ्नो अस्तित्व र पहिचानको रक्षाका लागि जनविद्रोह गर्न बाध्य हुनेछन् ।'

वन विनास, चुरे उत्खनन् तथा पहाडका वासिन्दालाई मधेशमा भू-माफियाहरुलाई अवैध बसोवास गराउन सरकार षड्यन्त्रमा लागेकोले जनतालाई सचेत रहन उनले आग्रह गरे ।

सरकारको गलत नीतिका कारण मधेश मरूभूमिकरणतर्फ उन्मुख भएको आरोप लगाउँदै अध्यक्ष यादवले मधेशमा पानीको हाहाकार रहेको तथा अन्नदाता नै सङ्कटमा परेकोले बजेट संशोधन गरी वर्तमान समस्या समाधान गर्न आग्रह गरेका छन् ।

जबर्जस्ती लादिएको संविधानले देशको हित नहुने भन्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले गलत संविधानकै कारण सङ्घीय लोकतान्त्रिक गणतन्त्र जस्तो शासन व्यवस्था पनि बदनाम भएको दावी गरे ।

### मधेशमा पानीका लागि चुरे संरक्षण अत्यावश्यक

# भविष्यमा डिप बोरिङ दीर्घकालीन समस्या बन्ने संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । यस वर्ष समयमा पानी नपर्दा मधेश प्रदेशसहित तराई क्षेत्रमा धान रोपाइँ तथा खानेपानीको विकराल समस्या देखिएको छ ।

अहिले गाउँघरमा खेतीका लागि पानीको अभाव देखिएको छ भने अर्कोतर्फ विभिन्न सदरमुकाममा खानेपानीको हाहाकार देखिएको छ ।

आगामी वर्ष दिनमा पनि सो समस्या दोहरिन सक्ने भएकाले अहिले देखि नै अत्यावश्यक वैकल्पिक व्यवस्था समयमै व्यवस्थापन गर्नुपर्नेमा विज्ञहरुले सुझाएका छन् ।

मधेश प्रदेशमा यस पटक धान रोपाइँका लागि चाहिने मात्र नभइ खानेपानीको समेत संकट देखा परेको छ। भूमिगत पानी रिचार्ज नहुँदा खानेपानीका लागि चापाकल सुक्न थालेको छ ।

जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन विज्ञ डा. धर्मराज उप्रेतीले जनाए अनुसार आकाशबाट परेको पानी वन, वनस्पति, रूख, बोटविरुवाका माध्यमबाट जमिनभित्र जानुलाई भूमिगत पानीको रिचार्ज सिस्टम अर्थात पुनर्भरण भनिन्छ ।

केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीले सुख्खाग्रस्त अवस्थामा रहेको मधेशको अवलोकन गर्दै ५ सय



डिप बोरिङ जडान गर्ने घोषणा गरेका छन् । केन्द्रबाट सरकारले मधेशको अवस्थाबारे चासो देखाउँदै प्रधानमन्त्री समेतले अवलोकन समेत गरे तर आकाशबाट पानी नै नपरे बोरिङ जडेर मात्र पानीको संकट पूर्ण रूपमा हल नहुने विज्ञ डा. उप्रेतीले बताए ।

सरकारले प्रयास त गर्ने हो, गर्नुपर्छ तर पानी नपरेकाले भूमिगत पानी पनि सहजै निस्किँदैन', कृषि ज्ञान केन्द्र महोत्तरीका कार्यालय प्रमुख देवानन्द राय यादवले भने ।

चुरे विनाश तीव्र रूपमा भइरहँदा कमजोर हुँदै गएको भन्दै यसले पानीको रिचार्जमा प्रभाव परेको र पानीको जमिनभित्रको तह झन् तल गएको उनले बताए ।

पहिले २०/३० फिट खनेर ह्यान्डपम्पबाट पानी आउने गरेकोमा अहिले ६० फिटसम्म खन्नुपर्ने अवस्था छ। त्यसमा पनि बोरिङबाट पानी तान्दा तत्कालको समस्या हल भए पनि दीर्घकालमा यसले असर गर्ने जलवायु विज्ञ डा. उप्रेतीको ठहर छ ।

त्यसमा पनि बोरिङबाट पानी तान्दा तत्कालको समस्या हल भए पनि दीर्घ कालमा असर गर्ने डा. उप्रेतीले बताए । दीर्घकालीन रूपमा समस्या समाधान गर्नका लागि रिचार्ज सिस्टम (चुरेमा पानी पोखरी, रिचार्ज पोखरीहरू बनाउन) जरुरी रहेको उनले बताए ।

कृषिविज्ञ डा. कृष्ण पौडेल अबका दिनमा मौसमी प्रतिकूलता थप बढ्न सक्ने भन्दै मुख्य गरी पानीको अनिश्चितताबाट बच्ने उपाय खोज्न जरुरी रहको औंल्याए ।

तराई मधेशमा देखिएको समस्या समाधानको उपयुक्त उपाय भनेकै चुरेमा पानी बचाउने र खेतीपाती प्रणाली फेर्नु रहेको उनको तर्क छ। 'चुरे नबचाईकन मधेश बच्दैन भनेर मान्नुपर्छ', उनले भने ।

पहिले/पहिले पानीलाई तालतलाउ, पोखरी बनाउनुका साथै खेतमा पनि गरा बनाएर पानी रोक्ने प्रचलन थियो तर अहिले कृषि प्रणाली परिवर्तन भइसकेको छ। पहाडमा खेती गर्न नै छाडेर शहर पस्ने बढेका छन् भने तराई र चुरेमा वन विनाश बढेको छ ।

वन तथा वनस्पति रोप्दा तथा संरक्षण गर्दा बाह्य प्रजातिहरूलाई प्राथमिकता दिँदा पनि समस्याको अर्को कारणका रूपमा देखिएको छ। डा. उप्रेतीका अनुसार मधेशमा पानीको विषयमा छलफल गर्दा केही वर्षअघि त्यहाँ व्यापक रूपमा मसलाको रुख रोपिएको पाइएक छ ।

मसलाको रूखले पानी एकदमै धेरै सोसेर जमिनमा पानी रिचार्ज हुने सिस्टमलाई डिस्टर्व गर्ने र जल स्तर पनि घटाउन मद्दत गरेको पाइएको स्थानीयले अनुभव सुनाए तर यसको वैज्ञानिक पुष्टि भने भएको छैन। तथापि मसलाको रूख एकदमै छिटो बढ्छ र चाँडो बढ्ने रूखले पानी शोषण गर्छ ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको काम, प्रभाव, मूल्यांकन जरुरी देखिएको बताइन्छ। प्रत्येक वर्ष योजना बनाउँदा पुनर्भरण अन्तर्गत, पोखरी निर्माण, प्रविधि विस्तारका लागि पनि बजेट छुट्याएर काम गर्नुपर्नेमा जोड दिइएको छ ।

चुरे क्षेत्र भएर बग्ने नदीको तीव्र रूपमा भइरहेको दोहनले अन्नबालीको संकटसँगै खानेपानीको समस्या र विपद् जन्य घटना बढिरहेको छ। सरकारले चुरे संरक्षणको नाममा करोडौं रुपैयाँ खर्च गरे पनि नदी दोहन हुँदा पानीको मुहानमा असर देखिएका छन् ।

अहिले रातु खोला लगाएका केही नदीमा भूमिगत सञ्चितीका लागि वाटर रिचार्जको टेक्नोलोजी प्रयोग गरिएका छन् ।

पानीको रिचार्ज सिस्टममा शहरीकरणले चुरे विनाशले वा जलवायु परिवर्तनका कारण पानी पर्ने तौरतरिका मा आएको परिवर्तनले समस्या आएको हुन सक्ने भन्दै उनले यसमा विस्तृत अध्ययनको खाँचो औंल्याए ।









# फतुवा बिजयपुरमा सुत्केरी र गर्भवती महिलालाई पोषणयुक्त सामग्री वितरण



**सञ्जय मिश्रा**

रौतहट । रौतहटको पश्चिमी भेग फतुवा बिजयपुर नगरपालिकामा सुत्केरी र गर्भवती महिलालाई लक्षित गर्दै पोषणयुक्त सामग्री वितरण सुरु गरिएको छ । नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधि तथा युवा नेता ज्ञानेन्द्र कुमार यादवको पहलमा, मधेश प्रदेश सरकारअन्तर्गत स्वास्थ्य मन्त्रालयको सहयोगमा पोषणयुक्त सामग्री बितरण कार्यक्रम सञ्चालन गरिएको छ ।

अभियानअन्तर्गत नगरपालिकाको वडा नम्बर १ देखि ११ सम्मका गर्भवती तथा सुत्केरी महिलालाई पोषणयुक्त सामग्री वितरण गरिने योजना रहेको वडा अध्यक्ष राकेश कुमार यादवले जानकारी दिएका छन्। प्रत्येक महिलालाई ६ प्याकेटको दर ले पोषणयुक्त सामग्री वितरण गर्ने कार्यक्रम रहेको अध्यक्ष यादवले जानकारी दिए ।

बुधवारदेखि कार्यक्रम औपचारिक रूपमा सुरु गरिएको हो, जसमा वडा नं. १, २, ४, ५ र ८ मा वितरण सम्पन्न भइसकेको छ भने बाँकी वडा नं. ३, ६, ७, ९, १० र ११ मा क्रमिक रूपमा वितरण गरिने बताइएको छ ।


बुधवार आयोजित एक विशेष कार्यक्रममा युवा नेता ज्ञानेन्द्र कुमार यादवले वितरण कार्यको शुभारम्भ गरिएको थियो। सो अवसरमा वडा अध्यक्ष राजेश यादवले कार्यक्रममा स्थानीय जनप्रतिनिधिहरू, स्वास्थ्यकर्मी, महिला समूह र नागरिक समाजको उपस्थिति प्रशंसनीय रहेको उल्लेख गरेका थिए ।

सो कार्यक्रम मातृ-शिशु स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। नेपालको ग्रामीण तथा मधेश क्षेत्रमा अझै पनि गर्भावस्थामा कुपोषणका कारण नवजात शिशु तथा आमाको स्वास्थ्यमा गम्भीर असर पर्ने गरेको देखिन्छ। यस्तो सन्दर्भमा युवा नेता यादवको सक्रियता प्रदेश सरकार तथा जनप्रतिनिधिको समन्वयमा आएको यस्तो कार्यक्रम स्थानीय जनस्वास्थ्य सुदृढीकरणतर्फको सकारात्मक पहलको रुपमा लिइएको छ ।

निजी पहलमा नेता यादवले यो कार्यक्रमको थालनी गर्नुले सामाजिक उत्तरदायित्वप्रति युवा नेताहरूको सक्रियता देखाउँछ। स्थानीय पालिकाको पूर्ण समर्थन र सहकार्यले यस कार्यक्रमलाई प्रभावकारी बनाएको छ। यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदा मातृ-शिशु मृत्युदरमा कमी ल्याउनुका साथै पोषणको अभावबाट हुने समस्यामा उल्लेखनीय सुधार ल्याउन सकिने विज्ञहरूको धारणा राखेको छन् ।

फतुवा बिजयपुरमा सुरु गरिएको यो कार्यक्रम स्थानिय र प्रदेश सरकार बीचको सहकार्यको उदाहरण मात्र होइन, मातृत्वको संवेदनशील अवस्थालाई राज्यले ध्यानमा राखेको प्रमाण पनि हो। भविष्यमा यस्ता अभियानलाई दिगो र नियमित बनाउन सके, समग्र जनस्वास्थ्यमा दीर्घकालीन सुधार ल्याउन सकिने छ।

# आकाश ताक्दै किसानः महोत्तरीमा ३५ प्रतिशतमात्र रोपाइँ



महोत्तरी । बुधबार साउन दोस्रो साता लागिसकेको छ । लामो खडेरीले आतिएका यहाँका किसानले अझै आकाश ताक्न छाडेका छैनन् । आकासे पानीको भरमा रहेका किसान साउन दोस्रोसम्म वर्षा भएर रोपाइँ गर्न पाइन्छ कि भन्ने आशामा आकाश ताक्दै बसेका छन् । रोपाइँको समय घर्कंदै जाँदा पनि यहाँका किसान वर्षा भइहाले अलिअलि भए पनि रोपाइँ गर्न पाइन्थ्यो भन्ने आशमा बसेका हुन् ।

"मध्य साउनमा धानको रोपो लहलहाउनुपर्ने हो, हामी अझै पानी परे रोप्न पाइन्थ्यो कि भन्ने आशमा छौँ", भङ्गाहा-१ का किसान रामकिसन मण्डलले भन्नुभयो । यसपालि धानको बीउ राख्ने, बीउ रोप गर्ने र खरुअन (कलम, पहिलो रोपो गाँजिएपछि उखेलेर रोप्ने) रोपका परम्परागत तालिका पानी नपरेर त्यसै बितेका उहाँको भनाइ छ ।

मधेससहित महोत्तरीमा गत जेठ २२ भित्र बीउ राख्ने, असार २२ भित्र बीउ रोप सक्ने र साउन २२ गतेभित्र खरुअन रोपीसक्ने तालिका मानिन्छ । खरुअन बीउ अपूग हुँदा र बर्खे धान तथा अन्यबाली काटेर रोपाइँ गरिन्छ । यसपालि पानी नपर्दा यी तालिका सबै खल्बलिएका स्थानीय इस्राफिल राइनले बताउनुभयो ।

पानी पर्ला र धान रोपौँला भन्ने आसैआसमा मध्य साउन बित्न लाग्दासम्म रोपाइँ हुन नसकेपछि किसान चिन्तित छन् । गत सोमबार एकछिन परेको पानीले ब्याडमा पहेँलिँदै गरेको बीउ र अघिको रोपो जगाए पनि नउँ रोपाइँका लागि नभएको किसान बताउँछन् ।

जिल्लामा साउन दोस्रो सातासम्म ३५ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । रोपिएको धान पनि सर्वसाधारणका लागि निकै खर्चिलो भएको बताइएको छ ।

"आफ्नो खेतमा इनार/बोरिङ केही छैन । सबै भाडामा चलाउन पर्दा घरमा भएको अन्नपात सबै सकियो", बर्दिबास-७ का किसान रितबहादुर खत्रीले भन्नुभयो, "यस वर्ष खाद्य सङ्कट हुने जोखिम छ, के खाएर जीविकोपार्जन गर्ने हो चिन्ता लाग्छ । पानी पर्लाकी भन्ने आशले आकाश ताक्दाताक्दै आँखा टट्टाएका उहाँको भनाइ छ ।

"अब पानी पर्ला भनेर आकाश ताक्छौँ, पानी पर्दैन । चैत वैशाखको हुरहुरे बतास पो चल्दैछ", खत्रीले भन्नुभयो, "पूर्वीया यो रुखो बतासले खेतबारीमा भाएको चिस्यान पनि रुख्याउँदैछ ।"

वीरक्तलाग्दो मौसमले कामको जाँगर सबै हराएको किसान बताउँछन् । असार २२ ताका सक्नुपर्ने बीउ रोप साउन दोस्रो सातासम्म नभएको किसानको दुखेसो छ । अब पानी परी हालेपनि बीउ अपुग भएर रोपाइँ बढ्ने स्थिति नरहेको किसानको निष्कर्ष छ । यसअघि रोपिएका धान पनि राम्ररी नगाजिँदा खरुअन हुने सम्भावना नदेखिएको किसान खत्रीले बताउनुभयो ।

यसपालि मधेस खडेरीको सङ्कटमा छ । सरकारले तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिसकेको छ । मधेसमा हालसम्म करिब ५० प्रतिशत पनि रोपाइँ भएको छैन भने महोत्तरीको करिब ३५ प्रतिशत छ ।

महोत्तरीमा कूल ७१ हजार हेक्टर खेतीयोग्य जग्गा भएमध्ये ४२ हजार ५०० हेक्टरमा धानखेती गर्न मिल्ने जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख एवं वरिष्ठ कृषि अधिकृत देवानन्द यादवले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ १० प्रतिशत जग्गामा मात्र स्थायी सिँचाइ (कुलो, नहर) को व्यवस्था हुँदा अधिकांश खेती आकासे पानीमा निर्भर छ ।

पछिल्ला केही वर्षयता वैकल्पिक सिँचाइका प्रबन्धका लागि इनार, डिपबोरिङ र स्यालोट्युबबेल जडान गरिएकाले थप १० प्रतिशत जग्गामा सिँचाइ सुविधा पुगेको यादवले बताउनुभयो । यसपालि लामो समयसम्म परेको खडेरीले कुलो, नहरका पानीका मूहान तथा इनार, बोरिङ पनि धमाधम सुक्दै जाँदा सङ्कट चुलिँदै गएको उहाँको भनाइ छ । पानीको हाहाकारका बीच किसानले भूमिगत सिँचाइका स्रोतबाट ३५ प्रतिशत रोपाइँ सकेका उहाँले जानकारी दिनुभयो ।

न्यूनतम स्रोतसाधन र सुविधा नहुँदा कहिल्यै समयमा खेती लगाउन नपाएको किसानको गुनासो छ । सिँचाइ, मल, बीउ र समयसमयमा प्राविधिक सल्लाहको सुनिश्चितता भए सहज रूपमा खेती गर्न सकिने किसान बताउँछन् । तीनै तहका सरकारले यसतर्फ समन्वयात्मक पहलकदमी लिएनुपर्नेमा उहाँलेहरूले जोड दिनुभयो ।रासस

# वीरगञ्जबाट भित्रिए ६८ हजार ७४३ सवारीसाधन

वीरगञ्ज । गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट ६८ हजार ७४३ सवारीसाधन भित्रिएका छन् ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार सो अवधिमा इन्धनबाट चल्ने अन एसेम्वल्ड मोटरसाइकलदेखि क्रेनलहर ीसम्मका ६८ हजार ७४३ वटा सवारीसाधन आयात भएका हुन् । सवारीसाधनको आयातबाट दोस्रो धेरै राजस्व सङ्कलन हुँदै आइरहेको छ । गत आवभरिमा इन्धनबाट चल्ने सवारीसाधनबाट मात्र रु १७ अर्ब ३१ करोड राजस्व सङ्कलन भएको छ ।

गत आवमा रु छ अर्ब ६० करोड मूल्यका ५० हजार २९१ वटा अनएसेम्वल्ड मोटरसाइकल आयात भएका छन् । ती सवारी आयातबाट यस नाकाले रु छ अर्ब ३१ करोड राजस्व सङ्कलन गरेको छ । गत आवमा रु दुई अर्ब ९४ करोड मूल्यका एक हजार ४५४ वटा अन्य बस तथा ट्रकका चेसिस आयात भएका छन् ।

त्यसैगरी, सोही अवधिमा रु दुई अर्ब एक करोड मूल्यका नौ सय १२ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन्। गत आवमा नै रु एक अर्ब ३७ करोड मूल्यका पाँच हजार ७३५ वटा ट्र्याक्टर तथा ट्रिलर आयात भएका छन्।

सोही अवधिमा रु एक अर्ब ११ करोड मूल्य पर्ने ४१७ वटा इन्धनबाट चल्ने बस यहाँ भित्रिएका छन् । सोही अवधिमा रु ७१ करोडका एक सय ३९ वटा क्रङ्क्रिट मिश्रण लहरी आयात भएका छन् भने रु ७४ करोडको तीन सय १२ वटा ट्रक, मिनी ट्रक आयात भएका छन् ।

त्यसैगरी, सोही अवधिमा रु ४३ करोड ३१ लाख मूल्यका चार हजार ६४६ वटा मोटरसाइकल आयात भएका छन् । वीरगञ्ज नाका हुँदै गत आवमा रु एक अर्ब ६४ करोड मूल्यका साना-ठूला दुई हजार ३३७ वटा विद्युतीय सवारीसाधन आयात भएका थिए । रासस

# धारिलो हतियारको प्रहारबाट एक वृद्धको हत्या



**टुडे समाचारदाता**

लहान । सिरहाको धनगढीमाई नगरपालिका-११ स्थित आमचोकमा ७५ वर्षीय फनिलाल यादवको धारिलो हतियार प्रहार गरी हत्या गरिएको छ । यादवमाथि राति सुतिरहेको अवस्थामा अज्ञात समूहले टाउकोमा धारिलो हतियारले प्रहार गरेको परिवारजनले बताएका छन् ।

घटनापछि आक्रोशित स्थानीयवासीले दोषीको खोजी र कारबाहीको माग गर्दै पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए। एक घण्टासम्म सवारी आवागमन ठप्प भएको थियो । प्रहरी र स्थानीय प्रशासनको प्रयासपछि प्रदर्शनकारीहरूले सडक खुलाएका छन् ।

प्रहरीले घटनाको अनुसन्धान थालिएको जनाएको छ भने हत्याराको खोजी तीव्र पारिएको छ ।

# सिंहलाई 'वैद्य-प्रकाश मानवअधिकार पुरस्कार'

सप्तरी । मानवअधिकार र प्रजातान्तिक आन्दोलनका साथै कानुन व्यवसाय क्षेत्रमा निरन्तर क्रियाशील रही योगदान पुऱ्याउनुभएका सप्तरीको राजविराज नगरपालिका-४ का ८४ वर्षीय हिम्मत सिंहलाई 'वैद्य-प्रकाश मानवअधिकार पुरस्कार'बाट सम्मानित गर्ने निर्णय गरिएको छ ।

वैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोषको राजविराजमा बुधबार सम्पन्न बैठकले यस वर्षका लागि वरिष्ठ अधिवक्ता सिंहलाई सम्मानित गर्ने निर्णय गरिएको कोषका संस्थापक अध्यक्ष वैद्यनाथ झाले जानकारी दिनुभयो । राजनीतिबाट सार्वजनिक जीवन सुरु गर्नुभएका सिंह मानवअधिकार, प्रजातान्त्रिक र सङ्घीय लोकतान्त्रिक आन्दोलनमा सक्रिय रही साढे पाँच दशकदेखि हालसम्म कानुन व्यवसाय क्षेत्रमा निरन्तर कटिबद्ध र क्रियाशील हुनुहुन्छ ।

सामाजिक सरोकारका विषयमा चिन्तन गर्नुहुने उहाँ जिल्लाको कानुनी, राजनीतिक हतिहास र अभ्यासमा गहिरो संलग्नता राख्नुहुन्छ । साथै सामाजिक न्याय र सार्वजनिक चासोका मुद्दामा सक्रिय हुनुहुन्छ । सप्तरीको सामाजिक, राजनैतिक परिवेश र मनोविज्ञानसम्बन्धी विश्लेषणमा पोख्त उहाँले जनताको विश्वास जितेर प्रजातान्त्रिक व्यवस्था, संविधानको दीघार्यु र कानुनी संरचना सुदृढीकरण गर्नुपर्ने प्रष्ट विचार राख्दै आउनुभएको छ । कमजोर, पीडित वर्गका पक्षमा कानुनी सेवा प्रदान, न्याय प्रणालीमा सुधार र पारदर्शिताका पक्षधर सिंह युवा कानुन व्यवसायीका लागि मार्गदर्शक हुनुहुन्छ ।



सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ मा जन्मनु भई राजविराज नगरपालिका-४ मा स्थायी बसोबास गर्दै आउनुभएका सिंहले सप्तरीको डाक्नेश्वरी नगरपालिकास्थित ब्रह्मपुरमा पब्लिक रामेश्वर उच्च माध्यमिक विद्यालय र तिलाठी कोइलाडी गाउँपालिका-५ स्थित बर्साइनमा आधारभूत विद्यालय स्थापना गर्नुभएको छ । उहाँ नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य र जेपी लोहिया रामेश्वर मेमोरियल ट्रष्टका संस्थापक हुनुहुन्छ । सिंहले विसं २०७६ मा एमनेस्टी इन्टरनेसनल सप्तरीको अध्यक्षको भूमिका कुशलतापूर्वक निर्वाह गर्नुभएको छ ।

निर्वाचित संसद् र मन्त्रिमण्डल विघटन भई विसं २०१७ मा पञ्चायती व्यवस्था सुरु भएपछि प्रवासित सिंहले भारतबाट प्रकाशित पत्रिकाहरूमार्फत लेख प्रकाशन गर्नुहुन्थ्यो । विसं २०२६ मा आममाफीपश्चात् नेपाल प्रवेश गरी वकालत प्रारम्भ गर्नुभएका उहाँले २०४२ सालमा वरिष्ठ अधिवक्ताको उपाधि पाउनुभएको हो । जलेश्वर, वीरगञ्जमा सुरक्षामा प्रहरी हिरासतमा पर्नुभएका उहाँ २०४६ सालको आन्दोलनमा प्रहरीको लाठीचार्जबाट घाइतेसमेत हुनुभएको थियो ।

वरिष्ठ अधिवक्ता सिंहलाई इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा शुक्रबार हुने कार्यक्रममा राजविराजस्थित नेपाल पत्रकार महासङ्घको भवनमा सम्मान गरिने आयोजकले जनाएको छ । नुवाकोटको घोप्टेभिरमा विसं २०४९ साउन १६ गते भएको थाइ विमान दुर्घटनामा अधिकारकर्मी प्रकाश काफ्लेको निधन भएको थियो ।

मानवअधिकार, सामाजिक र न्याय क्षेत्रका स्थापित व्यक्तिहरुको उपस्थितिमा हुने कार्यक्रममा इन्सेकका पूर्वअध्यक्ष सुबोधराज प्याकुरेल र उच्च अदालत जनकपुर राजविराज इजलासका न्यायाधीश वामदेव ज्ञवालीले सम्मानपत्र हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा २१औँ प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित राजविराज नगरपालिका-७ का वैद्यनाथ झाले प्राप्त गर्नुभएको नगद रु ५१ हजारबाट स्थापना गरिएको कोषमा झाकी आमा चन्द्रादेवी झाले ज्येष्ठ नागरिकका हैसियतले पाउनुभएको सामाजिक सुरक्षाबापतको रु ५० हजार र अन्य रु ३० हजार जम्मा गर्नुभएको छ ।

यसैगरी राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहीर ठाकुरले रु २५ हजार, झाका भतिजा इञ्जिनियर सञ्जयकुमार झाले रु १५ हजार, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली र मञ्जु शारदाले रु पाँच/पाँच हजार प्रदान गर्नु भई कोषको रकम रु एक लाख ७५ हजार पुगेको छ । उक्त कोषमा झाले पुरस्कारस्वरुप प्राप्त गर्नुभएको अन्य रकमसमेत जम्मा गर्दै आउनुभएको छ ।

यो पुरस्कार २०७३ सालदेखि प्रत्येक वर्ष मानवअधिकार तथा नागारिक आन्दोलनका विभिन्न क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तित्वलाई प्रदान गरिँदै आइएको कोषले जनाएको छ । सम्मानित व्यक्तित्वलाई सम्मानपत्र तथा दोसल्ला प्रदान गरिनुका साथै पुरस्कारको राशि बर्सेनि बढाउँदै लगिएको कोषका सचिव मनोहरकुमार पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार पहिलो पटक रु तीन हजार १०५ पुरस्कार प्रदान गरिएकामा कोषको राशि वृद्धि भएसँगै यो वर्ष पुनः वृद्धि गरी पुरस्कारको राशि रु ११ हजार बनाइएको छ ।

पुरस्कारबाट २०७३ सालमा चमार आन्दोलन र भूमि अधिकार अभियन्ता सुरुङ्गा नगरपालिका-४ मधुपट्टी कनकपुरका बलदेव राम, २०७४ सालमा दलितमा सबैभन्दा पछाडि पारिएको डोम जातिको आन्दोलनको अभिन्न अङ्गका रूपमा स्थापित छिन्नमस्ता गाउँपालिका-२ का युक्तिलाल मरिक सम्मानित हुनुभएको थियो । साथै गत वर्ष सीमान्तकृत दलित, गरिबको चेतना विकास र अधिकारको संरक्षणमा योगदान गर्नुहुने रुपनी गाउँपालिका-६ तेरहौताका दिलिपकुमार चौधरीलाई सम्मानित गरिएको थियो ।रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा परिवारको सहयोग प्राप्त हुनेछ। अरुलाईप्रभावित पारेर काम लिन सकिनेछ। |
| वृष : | आफ्नो क्षेत्रको नेतृत्व गर्दै विदेश जाने योग रहेको छ । |
| मिथुन : | आफन्तको सहयोगले महत्वपूर्ण कामको थालनी हुनेछ । |
| कर्कट : | स्वास्थ्यमा सुधार आउनेछ। भेटघाटमा समय बित्नेछ । |
| सिंह : | नयाँ ज्ञान प्राप्त हुने योग रहेको छ । |
| कन्या : | सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ । |
| तुला : | समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ । |
| वृश्चिक : | साथीभाईको सहयोगले महत्वपूर्ण कामहरु सफल हुनेछन् । |
| धनु : | आस मारेको कामले उत्साह जागउनेछ। |
| मकर : | समयमा सहि निर्णय लिन सक्ने क्षमताले अगाडी बढ्न मद्दत पुग्नेछ । |
| कुम्भः | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ । |
| मीन : | व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहेकोछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सप्तरीको अग्नि साईरकृष्ण सवरण गउँपालिका-४ बनोलीमा चन्द्र नहरमा आएको पानी खेतमा सिँचाइका लागि लागि पम्पसेटबाट तान्दै किसान । यस भेगमा सिँचाइको अभाव हुँदा धान रोपाँइ कम भएको छ। *तस्बिरः रासस*

# मानव बेचबिखनको रोकथामलाई प्रभावकारी बनाउन आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन रोकथामलाई प्रभावकारी बनाउन आग्रह गरेको छ । आयोगले मानव बेचबिखनविरुद्धको अन्तरराष्ट्रिय दिवसका अवसरमा आयोगल मानव बेचबिखनको रोकथामलाई प्रभावकारी बनाउन आग्रह गर्दै दोषीलाई कारबाहीको दायरामा ल्याउन आग्रह गरेको छ।




"मानव बेचबिखन विरुद्धको कार्यलाई थप प्रभाकारी बनाउन, स्थानीय तहले वैदेशिक रोजगारलगायत विभिन्न कार्यका लागि पालिका छोडी जाने व्यक्तिको यकीन तथ्याङ्क राख्नुपर्ने जरुरी छ", आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "बेचबिखन जस्तो आपराधिक कार्य गर्ने पीडकलाई कारबाहीको दायरामा ल्याउन, पीडितको समयमा नै पहिचान तथा संरक्षण गर्न, पीडितलाई आवश्यक पर्ने कानुनीलगायत अन्य सहयोग समयमा नै उपलब्ध गराउन तिनै तहका सरकारलगायत सम्बन्धित सबैलाई आग्रह गरेको छ।

आयोगले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका सन्दर्भमा द्विपक्षीय सहयोगमा अभिवृद्धि हुन नसक्नुका साथै प्रभावितहरूको न्यायका लागि द्विपक्षीय कानुनी सहयोगकोसमेत अभाव देखिएको जनाएको छ।

"स्थानीय तहसँग वैदेशिक रोजगारलगायत विभिन्न कार्यका लागि पालिका छोडी जाने व्यक्तिको छुट्टै विवरण नहुँदा के-कति व्यक्ति मानव बेचबिखनको जोखिममा परेका हुन् भन्ने सही तथ्याङ्कसमेत रहेको पाइँदैन", आयोगले भनेको छ, "आप्रवासनलाई सुरक्षित, मर्यादित र नियमित बनाउन नसक्दा बेचबिखन तथा ओसार पसारका घट्ना बढ्दै गएका छन्, मानव बेचबिखनविरुद्धको कार्यमा तीनै तहका सरकारको प्रभावकारी भूमिका हुन नसकेको देखिन्छ।"

नेपाल पालेर्मो प्रोटोकलको पक्ष राष्ट्र बनेको छ। मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन संशोधनको प्रक्रियामा गए पनि प्रोटोकलअनुरूप संशोधन हुनुपर्ने अन्य राष्ट्रिय कानुनहरू संशोधन हुन सकेका छैनन् । खुला सिमानाबाट हुने मानव बेचबिखन बढ्दो अवस्थामा रहेको र बालबालिकालाई डान्सबार, सर्कस, होटललगायतमा पुऱ्याई श्रम तथा यौन शोषणसमेत हुने गरेको पाइएको छ । बेचबिखन अन्तर्देशीय सङ्गठित अपराधसमेत भएकाले पीडितलाई क्षतिपूर्ति दिलाउन र पीडकको पहिचानगरी कानुनी दायरामा ल्याउन कठिनाइ उत्पन्न हुने गरेको देखिएको आयोगले जनाएको छ।

"विश्वमै सङ्गठित आपराधिक सञ्जालमार्फत किशोरी र महिलालाई यौन शोषणका लागि तथा किशोर र पुरुषलाई जबर्जस्ती श्रमका लागि सामाजिक सञ्जालहरूलाई प्रयोग गरेर सीमापारी मानव बेचबिखनको कार्य भइरहेको छ" । रासस

# मितव्ययी बन्दै प्रधानमन्त्री कार्यालय, घट्यो खर्च

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले पदभार ग्रहण गरेसँगै सार्वजनिक खर्चलाई उत्पादमूलक, मितव्ययी र औचित्यमूलक बनाई मन्त्रालय र निकायहरूको चालु खर्चलाई वाञ्छित सीमामा राख्न र सुरू भएका कामहरूलाई सम्पन्न गर्न दिनुभएको निर्देशन कार्यान्वयनमा आएको छ।

प्रधानमन्त्रीले सरकारका सचिवहरूलाई दिनुभएको निर्देशनबमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वयं आफ्नो वार्षिक खर्चलाई घटाउँदै लगेको छ।




सार्वजनिक खर्च व्यवस्थापनमा अधिकांश मन्त्रालयमा उच्च खर्च हुने र मितव्ययिता कायम गर्नका लागि असम्भव प्राय भनिएका इन्धन, सञ्चार महसुल, सवारीसाधन मर्मत, मसलन्द तथा कार्यालय सामग्री तथा विविध खर्च शीर्षकमा अघिल्ला आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा व्यापक मितव्यीता हासिल भएको छ।

अघिल्लो पुष्पकमल दाहाल 'प्रचण्ड' सरकारले गरेको खर्चको अनुपातभन्दा यस सरकारले आफ्नो कार्यालयभित्र विनियोजन भएको बजेट शीर्षकमा व्यापक सुधार गरी खर्च कटौती गरेको छ । यस सरकार गठनपश्चात् प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्को कार्यालयले फजुल खर्च रोक्ने, काजमा रहेका कर्मचारी हटाउने, मितव्यीतालाई उच्च प्राथमिकता दिँदै आएको छ।

यस कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को तुलनामा २०८१/०८२ विभिन्न शीर्षकमा खर्च कटौती भई दुई करोड छ लाख ६४ हजार बचत भएको छ । प्रधानमन्त्री कार्यालयको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को खर्चको तुलनात्मक अध्ययन गर्दा विविध खर्चमा ४५ लाख १२ हजार, अनुगमन तथा मूल्याङ्कनमा ११ लाख ५७ हजार, मसलन्द र कार्यालय सामान खरिदमा १४ लाख बचत भएको देखिन्छ।

प्रधानमन्त्री कार्यालयले आव २०८०/८१ मा सञ्चार महसुलतर्फ रु ७९ हजार खर्च भएकामा गत आव २०८१/८२ मा ६० हजार मात्र खर्च गरेको छ। त्यसैगरी इन्धन खर्च शीर्षकमा आव २०८०/८१ मा ७३ लाख ८१ हजार २७० खर्च भएकामा आव २०८१/८२ मा रु १४ लाख ४८ हजार ८२ रूपैयाँ मात्र खर्च भई एकै शीर्षकमा ५८ लाख ८३ हजार रूपैयाँ कम खर्च गरेको हो।

> **अघिल्लो पुष्पकमल दाहाल "प्रचण्ड" सरकारले गरेको खर्चको अनुपातभन्दा यस सरकारले आफ्नो कार्यालयभित्र विनियोजन भएको बजेट शीर्षकमा व्यापक सुधार गरी खर्च कटौती गरेको छ । यस सरकार गठनपश्चात् प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्को कार्यालयले फजुल खर्च रोक्ने, काजमा रहेका कर्मचारी हटाउने, मितव्यीतालाई उच्च प्राथमिकता दिँदै आएको छ ।**

कार्यालयले आव २०८०/८१ मा मसलन्द तथा कार्यालय सामग्रीतर्फ ५१ लाख कूल खर्च गरेकामा गत आवमा १४ लाख ३६ हजार २९८ मात्र खर्च गरी कूल ३६ लाख ६३ हजारले खर्च कटौती गरेको हो । यसका अतिरिक्त प्रम कार्यालयको विविध खर्च शीर्षकमा आव २०८०/८१ मा कूल एक करोड ६९ लाख १३ हजार खर्च भएकामा गत आव २०८१/८२ मा एक करोड २४ लाख खर्च गरी कूल ४५ लाख १२ हजार बढी खर्च कटौती गर्न सफल भएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को कार्यकालभन्दा प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा प्रधानमन्त्री कार्यालयको खर्च दुई करोड छ लाखभन्दा कम भएको देखिन्छ । समग्रमा 'प्रचण्ड' कार्यकालभन्दा ओली कार्यकालमा प्रधानमन्त्री कार्यालयको खर्चमा कूल ३३ दशमलव २७ प्रतिशतले न्यूनीकरण भएको हो । सम्माननीय प्रधानमन्त्रीको खर्चमा मितव्ययीता कायम गर्ने निर्देशनको नतिजा कार्यालयको खर्च प्रणालीमा परेको देखिएको छ।

विनियोजित बजेटको उल्लेखित खर्च शीर्षकमा मितव्ययीता कायम गर्न सफल प्रधानमन्त्री कार्यालयले अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा अघिल्लो आवभन्दा गत आवमा बढी खर्च गरेको देखिन्छ। आव २०८०/८१ मा कूल २१ लाख ९४ हजार खर्च गरेकामा गत आव २०८१/८२ मा ३३ लाख ५२ हजार खर्च भएको देखिएको हो।

यस शीर्षकमा खर्च कटौती भएको देखिएन भन्ने प्रश्नमा प्रधानमन्त्रीका निजी सचिवले सम्माननीय ज्यूको सुरू भएका काम समयमै सम्पन्न गर्न दिनुभएको निर्देशनबमोजिम प्रधानमन्त्री कार्यालयले नियमित रूपमा आयोजनाको स्थलगत अनुगमन गर्ने गरेको हुनाले त्यही क्रममा गत आवमा ५० भन्दाबढी आयोजनाको स्थलगत अनुगमन भएको तथा मासिक रूपमा १०० भन्दाबढी देशभरका भौतिक पूर्वाधारतर्फका आयोजनाको प्रगति प्रतिवेदन सम्माननीयज्यूसमक्ष पेस गर्ने गरिएका कारण उक्त शीर्षकमा केही रकम थपघट भएको हुनसक्ने बताउनुभएको छ।

प्रत्येक मन्त्रालयले आफू र आफू मातहतका निकायबाटै फजुल खर्च रोक्ने, व्ययभार बढाउने तथा आर्थिक दायित्व रोक्ने सम्माननीय प्रधानमन्त्रीज्यूकै निर्देशनबमोजिम प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद्को कार्यालयले यस अभियान चलाएको छ । चालु खर्च कटौतीमा मन्त्रालय र जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइएको छ। फजुल खर्च रोक्न निर्देशन कार्यान्वयनमा प्रधानमन्त्रीका सचिवालयको सक्रियतालेसमेत आन्तरिक नियन्त्रण प्रणालीमा सुधार आएको देखिन्छ।

प्रधानमन्त्रीको नेतृत्वमा उच्चस्तरीय शासकीय सुधार आयोग गठन भई सुशासन र शासकीय सुधारका लागि सरकारले उच्च प्राथमिकता दिँदै आएको छ । सुस्त अर्थतन्त्र सुधारका लागि वर्तमान सरकारले सार्वजनिक खर्च कटौतीमा प्राथकमिकता दिइ विकास बजेट बढोत्तरीमा उच्च प्राथमिकता दिँदै आएको छ ।रासस

# 'मानव बेचबिखन नियन्त्रणमा साझेदारी अपरिहार्य'




नारायणगढ । नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दीपक थापाले मानव बेचबिखन नियन्त्रणका लागि सरोकारवाला निकायबीचको साझेदारी अपरिहार्य रहेको बताउनुभएको छ। मानव बेचबिखन तथा यौनजन्य हिंसाविरुद्धको साझा अभियान चितवनले बुधबार भरतपुरमा 'अन्तरराष्ट्रिय मानव बेचबिखनविरुद्धको दिवस'को सन्दर्भमा एक कार्यक्रम आयोजना गरेको थियो।

सो कार्यक्रममा उहाँले पछिल्लो समय सामाजिक सञ्जाल, अनलाइन डेटिङ एप्स, म्यारिज ब्यूरो, विभिन्न प्रकारका भिसा (भिजिट, डिपेन्डेन्ट, सिजनल, एजुकेसन, कल्चरल) र सरोगेसीको नाममा हुने शोषणलाई मानव बेचबिखनका नयाँ प्रवृत्तिको रूपमा रहेको बताउनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षमा मात्रै १५२ वटा मुद्दा दर्ता भई २४१ आरोपी पक्राउ परेका छन्। १८४ जना पीडितको उद्धार गरिएको छभने सो मध्ये ९० महिला र नौ बालिका छन्। उहाँले मानव बेचबिखन तथा यौनजन्य हिंसा पुरुषबाट मात्रै नभइ महिलाबाटसमेत हुने गरेको उल्लेख गर्नुभयो।

सो अवसरमा भरतपुर महानगरपालिका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले मानव बेचबिखन र लैङ्गिक हिंसा नियन्त्रणका लागि सबै सरोकारवालाबीच साझा प्रयास आवश्यक रहेकामा जोड दिनुभयो। महानगरले सामाजिक क्षेत्र, शिक्षा, स्वास्थ्य, रोजगारी, अनाथालय व्यवस्थापन र हिंसा नियन्त्रणका लागि रु एक अर्ब १५ करोड बजेट विनियोजन गरेको जानकारी दिनुभयो।

माडी नगरपालिका उपप्रमुख खेमप्रसाद महतोले माडी क्षेत्र मानव बेचबिखन तथा ओसारपसारका लागि प्रमुख गन्तव्य बन्दै गएकामा गम्भीर चिन्ता व्यक्त गर्नुभयो। प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले चितवन जिल्लामा करिब ४० प्रतिशत बालबालिकाका अभिभावक वैदेशिक रोजगारीमा रहेको जानकारी दिनुभयो। रासस

# लागुऔषध नियन्त्रणमा गृहमन्त्री लेखकको सक्रियता

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले गृहमन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै नयाँ चार चुनौती औंल्याउनुभयो। लागुऔषधको अवैध कारोबार र ओसारपसार नियन्त्रण गर्नु पहिलो हो। लागुऔषधसँगै सडक दुर्घटना,आत्महत्यारसाइबरक्राइमजस्ता चुनौती थपिएको निष्कर्षसहित त्यसको नियन्त्रणमा सक्रियता बढाउनुभएका गृहमन्त्री लेखकको पहिलो वर्षको कार्यकालमा लागुऔषधविरुद्ध मुलुकभर नियन्त्रणका लागि महाभियान सञ्चालन गर्नुभयो।

काठमाडौं उपत्यकामा लागुऔषधविरुद्धको प्रहरीमार्फत महाभियान सञ्चालन भइरहेका छन् । गृहमन्त्री लेखकले लागुऔषध नियन्त्रणका लागि मातहतका प्रहरीका साथै आमनागरिक, अभिभावकलगायत सरोकार भएका निकायले महाभियानमा साथ दिनुपर्नेमा जोड दिनुभयो । मुलुकभर विभिन्न कार्यक्रममार्फत लागुऔषधसम्बन्धी



सचेतनासँगै कारबाहीलाई पनि द्रुतगतिमा अघि बढाएका मन्त्री लेखकले गति दिएअनुसारको सफलता प्राप्त हुँदै गएको छ।

मन्त्री लेखकले नेतृत्व सम्हालेयता बितेको एक वर्षमा नेपाल प्रहरीले मात्रै लागुऔषध मुद्दामा सात हजार ९४३ जना स्वदेशी तथा विदेश अभियुक्त पक्राउ गरेको छ । जुन पक्राउ सङ्ख्या अघिल्लो आर्थिक वर्षभन्दा एक हजार २०१ बढी हो। अघिल्लो आव २०८०/८१ मा छ हजार ७४२ जना पक्राउ परेका थिए । गत आव २०८१/८२ मा पक्राउ पर्नेमा सात हजार १९७ पुरुष, ४२१ महिला, ३०७ भारतीय नागरिक र १८ अन्य मुलुकका नागरिक रहेका प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिनुभयो। उहाँका अनुसार सो अवधिमा लागुऔषधका पाँच हजार ११० मुद्दा दर्ता भएका छन्।

यो अवधिमा २० किलो ९२८ ग्राम कोकिन, १८५ किलो ५८ ग्राम अफिम, ४८ किलो ४६५ ग्राम खैरो हिरोइन, ८२९ किलोग्राम चरेश र ५१४३९ ग्राम गाँजा बरामद भएको छ । त्यसैगरी एक वर्षको अवधिमा एम्पुल २२०,४१०, नाइट्राजेपाम ९३,४२४, कोडिन सिरप (कोरेक्स) ८९४० लगायत ठुलो मात्रामा अन्य लागुऔषध प्रहरीले बरामद गरेको छ।

अघिल्लो आवभन्दा मन्त्री लेखकको कार्यकालको पहिलो वर्षमा कोकिन मात्रै सात किलोग्राम विगतभन्दा बढी बरामद भएको छ। रासस


दर्ता नं. १०५५/२०६९/०७० सहकारी ऐन, २०४८ बमोजिम स्थापित पान नं.- ३०५५५०७५०

आकाश बचत तथा ऋण सहकारी संस्था लि.

...उज्जवल भविष्यको लागी

## कर्मचारी आवश्यकता

यस आकाश बचत तथा ऋण सहकारी संस्था लि. को लागि कर्मचारी आवश्यक भएको हुदाँ यस सूचना नं.: ०१/२०८२/०८३ प्रकाशित भएको ७ दिन भित्र संस्थाको Email: aakashbachat@gmail.com मार्फत निवेदकले आफ्नो बायोडाटा, शैक्षिक प्रमाणपत्र र नागरिकता को प्रतिलिपि पठाउनु पर्ने छ।

| क्र. नं. | पद | पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | बजार प्रतिनिधि (Collector) | १ (एक) | SEE/SLC उतिर्ण भएको |
| २. | बजार प्रतिनिधि (Marketing) | १ (एक) | SEE/SLC उतिर्ण भएको |

१. सवारी साधन अनिवार्य रुपले चलाउन आउनु पर्ने,
२. सहकारी क्षेत्रमा अनुभव र स्थानीय बासिन्दालाई विशेष प्राथमिकता दिईने छ।
३. छनौट किसिम: प्रारम्भिक रुपमा छनौट सुचिमा परेकाहरुलाई अन्तर्वार्ताको मध्यमबाट छनौट गरिनेछ।

शिव चौक, मिश्रा मार्केट, जनकपुरधाम सम्पर्क नं.: ०४१-५९१९२०
www.aakashbachat.com.np, aakashbachat@gmail.com



## कर्मचारी आवश्यकता

मलंगवाको बहुचर्चित **कृष्ण मेडिसिन्स मलंगवा**को लागि केही कर्मचारीको आवश्यकता भएकोले ईच्छुक नेपाली नागरिकले तुरुन्तै सम्पर्क गर्न ये सूचना प्रकाशन गरिएको छ।

निम्न पदहरूका लागि इमानदार, जिम्मेवार र सक्रिय कर्मचारीहरूको आवश्यकता छ।

**कर्मचारी आवश्यकता संख्या ८ जना**

**४ जना पुरुष कर्मचारी**

- पुरुष कर्मचारीको हकमा दुई पाङ्गे सवारी चालक अनुमतिपत्र (लाइसेन्स) अनिवार्य छ।
- स्थानिय क्षेत्रको जानकारीका साथ समय पालक र जिम्मेवार हुनु आवश्यक छ।

**४ जना महिला कर्मचारी**

- महिला र पुरुष कर्मचारीको योग्यताः न्यूनतम २ उत्तीर्ण (१२ पास)।

**आवेदनका लागि आवश्यक कागजातहरूः-**


- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
- एसईई एसएलसी वा १२ पासको प्रमाणपत्र/मार्कशीटको छाया कपि।
- सम्पर्क गर्दा माथि उल्लेखित कागजातहरू साथमा लिएर आउनु होला।
- योग्य उम्मेदवारलाई प्राथमिकताका साथ तुरुन्त रोजगारीमा समावेश गरिनेछ।

सम्पर्क

**कृष्ण मेडिसिन्स**

वडा नं. ०९, मेन चोक मलंगवा नगरपालिका, सर्लाही

सम्पर्कः ९८४४०६४०९४, ९८०११९१०९४



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# किसानका लागि सकारात्मक

सुख्खाग्रस्त मधेश प्रदेशका किसानहरुलाई सिचाइँमा लाग्ने विद्युत महसुल कम गरिएको छ । सरकारले स्यालो ट्र्युबवेल र डिप बोरिंग जडान गर्ने घोषणा गरेपछि विद्युतको खपत बढ्ने भएको छ। वर्षा नभएको र सतह सिचाइँको सुविधा समेत नभएको अवस्थामा डिप बोरिंग र स्यालो ट्र्युबेल मात्र सिचाइँको विकल्प देखिएको छ। हुन त डिप बोरिंग र स्यालो ट्र्युबवेल पनि सिचाईंको ठोस र दीर्घकालीन समाधान होइन। तैपनि बाध्यतावश स्यालो ट्र्युबेल र डिप बोरिंगमा सरकारले जोड दिएको छ। स्यालो ट्र्युबबेल र डिप बोरिंगका लागि विद्युतको नियमित आपूर्ति आवश्यक छ। बिजुली नभए डिप बोरिंग र स्यालो ट्र्युबवेलको काम नै हुँदैन। विद्युतको व्यवस्था नभएको कारण सय बढी डिप ट्र्युबवेल अलपत्र परेको छ। डिप बोरिंग र स्यालो ट्र्युववेल जडानसँगै विद्युत आपूर्तिको व्यवस्था गर्नुपर्छ। कृषि विद्युतिकरणका लागि पालिकाहरुले पनि लगानी गरेको छ। प्रदेश सरकारको पनि थोरबहुत लगानी भएको देखिन्छ । मधेश प्रदेशमा सिचाइँमा लाग्ने विद्युत महसुल केहि पालिकाहरुले नै तिरिदिने गरेको छ। सिचाइँका लागि जडान भएको मिटरहरुमा आउने महसुल पालिकाले तिरेर किसानहरुलाई ठूलो राहत प्रदान गर्दै आएको छ। हुन त किसानलाई उपलब्ध हुने सिचाइँको विद्युत महसुल पनि घरवती सरह नै राखिएको छ। प्रति युनिट ८ रुपैयाँ किसानले सिँचाई गरे वापत बिजुली महसुल बुझाउने गरेका छन्। त्यो अत्यन्त महँगो रहेको छ। किसानलाई सिचाइँका लागि न्युन दरमा अन्य देशहरुमा बिजुली उपलब्ध गराइन्छ। तर नेपालमा अत्यन्त महँगो दर कायम गरिएको छ। सुख्खाको बेला नेपाल विद्युत प्राधिकरणले महसुल प्रति युनिट ३ रुपैयाँ कायम गरेको छ। किसानका लागि त्यो सकारात्मक नै छ। अझै कम गरेको भए बढी उपयुक्त हुने थियो। किसानले अहिले डिप बोरिंग अथवा स्यालो ट्र्युबबेलबाट गरिरहेको सिचाइँमा भइरहेको लगानी एक प्रकारले त्यो जोखिम नै हो। वर्षा भएन भने भूमीगत सिचाइँबाट धान उब्जाउन सकिदैन। धानका लागि पर्याप्त पानी चाहिन्छ। किसानले भूमीगत सिचाइँ गरेर धानलाई पानी पुर्याउन सक्दैन। विद्युत महसुल, मलखाद, बीउबिजन लगायतको सम्पूर्ण लगानी डुब्ने उच्च जोखिम छ। हुन त अहिले किसानलाई पालिकाले सिचाइँको महसुल तिर्न आवश्यक छ। सिचाइँको महसुल नबुझाउने पालिकाले पनि अबदेखि निर्णय गरी महसुल बुझाउन आवश्यक छ। किसानलाई पालिकाले जति सुविधा दिन सके त्यति राम्रा जनप्रतिनिधिमा नेताको गणना हुनेछ। मधेश प्रदेश सरकारले पनि यस क्षेत्रमा दीर्घकालीन रुपमा लाभकारी हुने योजनाहरु ल्याउन आवश्यक छ। विद्युत प्राधिकरणले गरेको निर्णय सकारात्मक छ।

# मानवीय उत्प्रेरणा सम्बन्धि अब्राहम मास्लोको आवश्यकता शृंखला सिद्धान्त र नेपाली सन्दर्भ



दिपेश कुमार कर्ण

अब्राहम मास्लो (सन् १९०८-१९७०) एक अमेरिकी मनोवैज्ञानिक थिए ।व्यवस्थापन अध्ययन-अनुसन्धानतिर मानवीय सम्बन्ध सिद्धान्तको अध्ययनमा मास्लोको आवश्यकता शृंखला सिद्धान्त खासगरी अध्ययन गरिन्छ ।अब्राहम मास्लोको जन्म अप्रिल १, १९०८ मा ब्रुकलिन, न्यूयोर्कमा भएको थियो, जहाँ उनी हुर्केका थिए, रूसबाट बसाइँ सरेका यहूदी आमाबाबुबाट जन्मेका सात सन्तानमध्ये पहिलो सन्तान थिए।मास्लोले पछि आफ्नो प्रारम्भिक बाल्यकाल दुखी र एक्लो भएको वर्णन गरे। उनले आफ्नो धेरैजसो समय पुस्तकालयमा पुस्तकहरूमा डुबेर बिताए।

मास्लोले सिटी कलेज अफ न्यूयोर्क (ऋऋल्थ) मा कानूनको अध्ययन गरे। मनोविज्ञानमा रुचि विकास गरेपछि, उनी विस्का'न्सिन विश्वविद्यालय गए र मनोवैज्ञानिक ह्यारी हार्लोलाई एक मार्गदर्शकको रुपमा भेट्टाए, जसले उनको विद्यावारिधि सल्लाहकारको रूपमा काम गरे। मास्लोले विस्का'न्सिन विश्वविद्यालयबाट मनोविज्ञानमा आफ्ना तीनवटै डिग्री (स्नातक, स्नातकोत्तर र विद्यावारिधि) प्राप्त गरे।

उनको सिद्धान्तले सुझाव दियो कि मानिसहरूसँग धेरै आधारभूत आवश्यकताहरू हुन्छन् जुन मानिसहरूले सामाजिक, भावनात्मक र आत्म-साक्षात्कार आवश्यकताहरू पछ्याउन शृंखलामा सर्नु अघि पूरा गर्नुपर्छ। मास्लोको दृष्टिकोण उनका धेरै समकालीनहरू भन्दा धेरै फरक थियो। अन्य मनोवैज्ञानिकहरू विकार र बिकृतिहरूमा केन्द्रित थिए भने, मास्लो मानिसहरूलाई फस्टाउन केले मद्दत गर्छ भन्ने कुरा बुझ्नमा बढी रुचि राख्थे।मास्लोले महसुस गरे कि फ्रायडको मनोविश्लेषणात्मक सिद्धान्त र स्किनरको व्यवहार सिद्धान्त अस्तित्वको नकारात्मक वा रोगजनक पक्षहरूमा धेरै केन्द्रित थिए।उनले यो पनि महसुस गरे कि यी सिद्धान्तहरूले मानिसमा भएको सबै क्षमता र रचनात्मकतालाई बेवास्ता गरेका छन्।मास्लोले मानवीय व्यवहारलाई नै आफ्नो अध्ययनको केन्द्रबिन्दु माने।मानवीय अलग अलग आवश्यकताले चरणबद्धरुपमा मानिसलाई उत्प्रेरित गर्दै अर्को आवश्यकतातर्फ लम्क्याउँछ। यहि सिद्धान्तमा आधारित मास्लोले मानवीय आवश्यकतालाई एउटा पिरामिड मार्फत चरणबद्ध रुपमा दर्शाए।

मानवीय व्यवहारलाई बुझ्दै मास्लोले भौतिक आवश्यकता भित्र एकदमै आधार भूत आवश्यकताहरुलाई समावेश गरेका हुन्।यी आवश्यकता न भइ नहुने खाले हुन्छन। जस्तै हवा, पानी, खाना, बास, निद्रा, कपडा तथा यौनजन्य सुख वा प्रजनन आदि ।यी आधारभूत आवश्यकताको पूर्ति साथै मान्छे अर्को चरणको आवश्यकतातर्फ उत्प्रेरित हुन्छ जसलाई मास्लोले सुरक्षाको आवश्यकता भनि नाम दिएका हुन्। जसभित्र व्यक्तिगत सुरक्षा, रोजगारी र रोजगारीमा सुरक्षा, संसाधन सुरक्षा, स्वास्थ्य सम्बन्धि सुरक्षा, सम्पत्ति सुरक्षा आदि समावेश गरेका छन् ।यसप्रकारका आवश्यकता परिपूर्ति पछि मानिसको रुची सामाजिक पारम्परिक जीवनतर्फ उत्प्रेरित हुन्छ। अब उसले प्रेम खोज्छ , एउटा वास्तविक र गम्भीर सम्बन्ध खोज्छ। उ परिवार बनाउन चाहन्छ, विहे गर्न चाहन्छ र पारम्परिक गृहस्थ जीवन सुरु गर्न खोज्छ।यो जीवनको प्राप्ति पछि आफु एक स्वस्थ सामाजिक अभ्यासमा रहेको व्यक्ति ठान्छ र यहाँपछिबाट उ प्रतिष्ठा प्राप्ति तर्फ उत्प्रेरित हुन्छ, र यहि हो मास्लोको आवश्यकता शृंखलाको चौथो चरण ।यस चरण भित्र अझ बढीमा मानिसले समाजमा आफ्नो पहिचान, प्रतिष्ठा, स्वतन्त्रताको रुची राख्छ। अन्तिममा मानिस आत्म-साक्षात्कार तर्फ उत्प्रेरित हुन्छ।यसलाई मास्लो आफ्नो शृंखलाको अन्तिम चरणमा राखेपनि यो मानवीय खोज वा तृप्तिको अन्तिम अवस्था चाँही पक्कै पनि होइन।आवश्यकता एक निरन्तर प्रक्रिया हो जुन एक प्राप्ति पछि अर्को स्वस्फुर्त जन्मिन्छ। मास्लोले आत्म-साक्षात्कारलाई प्रतिभा, क्षमता, सम्भावना आदिको उच्चत्तम उपयोग मानेकाछन्। मानिसहरू निरन्तर आफ्नो पूर्ण क्षमतामा पुग्न प्रयासरत हुन्छन्। एकपटक अन्य आवश्यकताहरू पूरा भएपछि, मानिसहरू आफ्नै उत्कृष्ट सम्भावित संस्करण बन्न बढी उत्प्रेरित महसुस गर्छन्।


यसलाई सामान्य जनजीवनसंग उदाहरनिय अध्ययन गर्ने हो भने एक जना सामान्य आयवर्गको युवाले पहिले आफ्नो र आफ्नो घर परिवारलाई राम्रो खाने, लाउने, बसने लगायतका आधारभूत आवश्यकता पूर्ति गर्न मिहेनत गर्छ।जसलाई आधारभूत आवश्यकता भनि चिनिन्छ। आधारभूत आवश्यकताको खण्डमा आधुनिक अध्ययनमा अर्थशास्त्रले यौनलाई पनि यसभित्र नै समावेश गरेकोछ। यी आवश्यकताको पूर्तिपछि उ जागिरमा स्थायित्व खोज्छ ताको उसले बेफिक्रक परिवारको आधारभूत आवश्यकता पुरा गरिराखोस।उसले आफ्नो र आफ्नो परिवारको जीवन बिमा, आफ्नो सम्पत्ति अर्जने र बिमा गर्ने, आफ्नो र आफ्नो परिवारको स्वास्थ्यको चिन्ता पनि रुचाउछ। यत्तिको प्राप्ति पछि उ आफुलाई जिम्मेवार ठान्दै परिवार, साथी, समाजबाट त्यहि स्तरमा प्रेम, सरोकार खोज्छ।यसपछि सामाजिक प्रतिष्ठा खोज्छ। उ समाजले उसलाई चिनेको, सम्मान दिएको खोज्छ। अनि एक उमेर पछि उ आफ्नो प्रतिभाको पूर्ण उपयोग गर्दै उत्कृष्टता प्राप्तिमा लाग्न खोज्छ।



यी सम्पूर्ण तथ्य मानवीय व्यवहारसँग व्यवहारसंगत पक्का पनि हो।तर समय कालखण्ड संगै र राष्ट्रको व्यवस्था संगै सिद्धान्तमा परिमार्जन देखिएको अभ्यास पनि छ।नेपाल अहिले चरम भ्रस्टाचार, चरम नीतिगत भ्रस्टाचार, अस्थिर राजनैतिक पृष्ठभूमि, खस्किदो तथा पराश्रित अर्थव्यवस्थाको चपेटमा रहेको छ।देशमा अर्थको चरम अभावले जनशक्ति शक्ति नभएर जनसंख्याको रुपमा बोझ बुझ्न थालियो। परिणाम स्वरूप बर्षेनी लाखौं युवाशक्ति विदेशिने क्रम जारि नै छ।देशमा निम्नवर्गीय र मध्यम वर्गीयको फरक समाप्त हुने अवस्था आइसक्यो। अर्थात दुवै वर्ग आज खाए पछि भोलि खान पाउने कि जागीर/आय जाने डरमा बाँच्दैछन्।यो परिस्थितिमा अहिले यहाँ चरम आवश्यकता नै आधारभूत आवश्यकता देखिन्छ।नेपालको परिवेशमा मास्लोले देखाएका भौतिक आवश्यकता नै सामान्य वर्गको ठुलो समस्या बनेको छ। उचित शिक्षा, राम्रो खाना र लाउने कपडाकै जोर्तोरमा मान्छेको परिश्रम केन्द्रित देखिएको छ।अहिले विश्वव्यापीकरणको २१औं शताब्दीमा पनि नेपालको प्रतिव्यक्ति आय १४३४ अमेरिकी डलर छ। यसलाई नेपाली मुद्रामा रुपान्तरण गर्ने हो भने लगभग रु.१९९०००/- मात्र । महिनाको रु.१६५८३ मात्र हुनजान्छ।मुद्रास्फिति ४.४% र बजारदरको हिसाबले लगभग १५% नै भेटिन्छ। एउटा परिवार लिएर १६५०० मा खाना, औषधि, बच्चाको बिद्यालय शुल्क, कपडा र चाडपर्व कसरि धाउने र कत्तिको बचत गर्ने? देशमा व्याप्त भयंकर बेरोजगारी समस्या र श्रम मन्त्रालयको फितलो क्रियाशीलताले भए भरका जागिरमा पनि जबर्दस्त शोषण रहेकोछ।स्नातकोत्तर गरेका व्यक्तिले ५००००प्रतिमाह पनि कमाउन सकिरहेका छैनन्। संगठनले कच्चा वा अस्थायी नियुक्तिमा बहाल गर्छन जहाँ निवृत्तिभरण, उपदान, औषधि उपचार खर्च वा बिमा केहीको व्यवस्था हुँदैन।यहाँ मान्छे मास्लोको सुरक्षा चरण खोज्दैनन् बरु जसोतसो हातमुख जोर्ने प्रयत्नमा लागेका हुन्छन ।नेपाल जनसांख्यिकी तथा स्वास्थ्य सर्वे २०२२ को एक रिपोर्ट को अनुसार नेपालमा २५-४९ वर्ष उमेरसमूहका २५% महिलाको १५ वर्ष नहुँदै बिहे भएको तथा ४७% को १८ वर्षमा बिहे भएको देखिएको छ। यस्तोमा मास्लोको सिद्धान्त अनुरुप भौतिक आवश्यकता भित्र प्रजनन बढी हावी हुनागयो र त्यहि खाने, लाउने, कपडा आदि आधारभूत आवश्यकताको चक्र संचालित हुन्छ। यहाँ सर्वसाधारण दोस्रो चरणको सुरक्षा आवश्यकता सम्म पुग्ने अवसरनै पाएका हुँदैनन।अव्यवस्थित शिक्षा प्रणालीले शिक्षा त बढाउँछ तर जागरुकता र परिपक्वता बिकसित हुन सक्दैन। यौन शिक्षाको चरण अभाव भेटिएको छ।सामाजिक संजालको अनावश्यक प्रभावले युवा शिक्षा, आजीविका र त्यसपछि विवाह वा प्रेम प्रसंग को शृंखला तोडदैछन। अहिलेको पुस्ताले शिक्षा र आजीविकाको समयमा सामाजिक पहिचान, उमेरसमूहको गठन, प्रेमप्रसंग्मा बढी संलग्नता देखाएको प्रवृत्तिले मास्लोको शृंखला कतै कतै अव्यवहारिक भेटिएको छ।

आत्मसाक्षात्कारको मामिलामा नेपाली पुस्ता अति संवेदनशील रहेको भेटिएको छ। मास्लोले आफ्नो उत्प्रेरणाको यो अन्तिम चरणलाई अति महत्वपूर्ण आवश्यकताको रुपमा लिएका हुन्।यो सृजनशीलता, नवप्रवर्तन र आत्मबोधको अवस्था हो।आफ्नो जीवन भरिको अनुभव र सिकाइलाई मनन गर्ने, समाजको लागि उदाहरणीय योगदान दिने अवस्था हो।यो अवस्थाले नैतिक पराकाष्ठा र सामजिक दिगो विकासलाई आधार दिन्छ। खासमा नेपाली सृजनशीलता उत्कृस्ट भेटिएको छ।यो जहिले पनि अवसरको खोजीमा रहेको देखिएको छ ।नेपाली अभ्यासमा युवाले जनशक्तिले भरिएको नेपाली जनशक्ति जहिले पनि आफ्नो गुणस्तर वृद्धि गर्ने कुरा प्रयत्नशील रहेको देखिन्छ।नेपाली जनशक्तिमा कतै थन्किएर, अट्केर समय बिताउनु भन्दा पनि आफ्नो गुण र गुणस्तर पहिचानमा बढी उत्सुक रहेको देखिएको छ। अवसर र संसाधनको अभावमा यस्ता सृजनशिलताले जीवन्त स्वरूप न पाएपनि व्यक्तिको गुणवत्ता चाँही अवलोकन गर्न सकिन्छ।

यसप्रकार उनाइसौं- बिसौ शताब्दीतिरको मास्लोको मानवीय उत्प्रेरणाको शृंखला र सिद्धान्त कतै न कतै अहिले पनि प्रभाकारी नै देखिन्छ। बजारशास्त्रको अध्ययनमा यसलाई वस्तुको मागको उत्पत्ति संग जोडेर अध्ययन गरिन्छ। तर अहिलेको नेपाली परिवेशमा यो एकदमै व्यवहारिक हो भन्न गाह्रो नै छ किनकी यहांको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक र शैक्षिक पृष्ठभूमिले मानवीय आवश्यकतालाई नै परिमारिजित गरिसकेको छ। यसले उत्प्रेरणाको आबृति परिवार्तिक गर्नु स्वाभाविक नै देखिन्छ।




# स्वास्थ्य बिमामा देखिएका समस्या र सुधारका उपाय

**सरोज अधिकारी**

प्रत्येक नागरिकको स्वास्थ्य सेवामा पहुँचलाई संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेपछि सरकारले राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनमा ल्यायो। बिमाका माध्यमबाट सबै नागरिकलाई सस्तो, समान, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा दिने उद्देश्य राखिएको थियो। सामाजिक सुरक्षा प्रणालीको अभिन्न अङ्गका रूपमा विकास गरिएको यो कार्यक्रमले एकातिर गरिब तथा विपन्न वर्गलाई स्वास्थ्य सेवामा पहुँच दिने र अर्कातिर औपचारिक क्षेत्रका श्रमिकको आयको सुनिश्चितता र जोखिम साझेदारीलाई व्यवस्थित गर्ने लक्ष्य राखेको थियो।

बिमा कार्यक्रम सुरु भएको करिब एक दशक पुग्न लाग्दा समेत यसले सबै नागरिकलाई समेट्ने, लागतको हिसाबले दिगो हुने र सेवा गुणस्तरमा सुधार ल्याउनेजस्ता आधारभूत लक्ष्य पूरा गर्न सकेको छैन। कार्यक्रममा सहभागी घरधुरीको संख्या स्थिर देखिन्छ, कतिपय क्षेत्रमा नवीकरणदर अत्यन्तै कम छ र नागरिकहरूको सेवा सन्तुष्टि स्तर झन् कमजोर हुँदै गएको छ। यस्तो अवस्थामा अब प्रश्न उठ्न थालेको छ कि के नेपालको राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रम विफल हुँदै छ ?

कार्यक्रमले विफलताको दिशामा अग्रसर हुन थालेका संकेत विभिन्न तहमा देखिन थालेका छन्। विशेषतः यसको संस्थागत संरचना, पहुँचको असमानता, वित्तीय अनुशासनको अभाव, दोहोरोपन, सेवा प्रदायकहरूसँगको असमान सम्झौता तथा नागरिकको अविश्वास– यी सबैले कार्यक्रमलाई अव्यवस्थित र अपारदर्शी बनाउँदै लगेका छन्।

नेपालको सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम आफैँमा विखण्डित अवस्थामा छ। राष्ट्रिय स्वास्थ्य बिमा बोर्डले परिवार केन्द्रित, स्वेच्छिक, प्रिमियममा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ भने सामाजिक सुरक्षा कोषले औपचारिक क्षेत्रका श्रमिकका लागि अलग प्रणाली सञ्चालन गरिरहेको छ, जसमा योगदान रकम तलबबाट स्वचालित कटौती हुन्छ।

यस्तै नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरीमा सुरक्षाकर्मी तथा तिनका परिवारका लागि आवश्यक स्वास्थ्य उपचार आ-आफ्नै संरचनाबाट निःशुल्क उपलब्ध छ। निजामती सेवामा कार्यरत कर्मचारीका लागि फेरि आ-आफ्नै स्वास्थ्य सुरक्षा योजना छन्। जस्तै : कर्मचारी संचयकोषद्वारा औषधि उपचारमा लागेको शुल्क सोधभर्ना गर्ने र निजामती कर्मचारी अस्पतालमा उपलब्ध ४०-६० प्रतिशतसम्मको उपचार खर्चमा छुट।

यस किसिमको छरिएका संरचनाले आर्थिक जोखिम साझेदारी गर्ने सामाजिक स्वास्थ्य बिमाको मूल अवधारणालाई चुनौती दिएका छन्। उदाहरणका लागि, एउटै समुदायमा बस्ने दुईजना श्रमिकमध्ये एक औपचारिक क्षेत्रमा कार्यरत छ र उसले सामाजिक सुरक्षा कोषमा नियमित योगदान दिइरहेको छ भने अर्को अनौपचारिक क्षेत्रमा कार्यरत भएर स्वास्थ्य बिमा कार्यक्रमको सदस्य बन्न नसकिरहेको हुन्छ। यसले आर्थिक, सामाजिक र भौगोलिक असमानता झनै तीव्र बढाउँछ।

बिमा कार्यक्रमले विफलताको दिशामा अग्रसर हुन थालेका संकेत विभिन्न तहमा देखिन थालेका छन्। विशेषतः यसको संस्थागत संरचना, पहुँचको असमानता, वित्तीय अनुशासनको अभाव, दोहोरोपन, सेवा प्रदायकहरूसँगको असमान सम्झौता तथा नागरिकको अविश्वास– यी सबैले कार्यक्रमलाई अव्यवस्थित र अपारदर्शी बनाउँदै लगेका छन्।

स्वास्थ्य बिमा कार्यक्रमको कानुनी प्रावधान अनुसार बिमा कार्यक्रममा सबै नागरिकको सहभागिता अनिवार्य भनिए पनि व्यवहारमा यो लागु भएको छैन। यसको अर्थ, जो सधैँ बिरामी पर्ने सम्भावनामा छन् वा सेवा चाहिने अवस्था छ, तिनीहरू मात्र बिमामा प्रवेश गर्छन् अर्थात् 'अडभर्स सेलेक्सन'को अवस्था सिर्जना हुन्छ। यस्तो सहभागिताले बिमा कोषको आर्थिक दिगोपना असम्भव बनाउँछ।

यो संरचनागत असमञ्जस्यता वित्तीय व्यवस्थापनमा पनि देखिन्छ। औपचारिक क्षेत्रका श्रमिकले मासिक तलबबाट कटौती गरेर बिमा शुल्क तिरिरहेका छन् तर आफ्ना परिवारका सदस्यलाई बिमाको दायराभित्र ल्याउन उनीहरूले स्वास्थ्य बिमा कार्यक्रममा छुट्टै बिमा शुल्क तिर्नुपर्ने हुन्छ। यसले दोहोरो आर्थिक भार सिर्जना गर्छ, जुन स्वास्थ्य बिमाको 'क्रस सब्सिडी' को मूल सिद्धान्तको प्रतिकूल छ।

स्वास्थ्य सेवा प्रदायकहरूसँगको सम्बन्धमा पनि समस्या स्पष्ट देखिन्छ। अस्पतालहरूले 'एचआईबी', 'एसएसएफ' र अन्य योजनासँग फरक-फरक सम्झौतामा सेवा दिनुपर्ने भएकाले सेवा दर, दाबी प्रक्रिया र सेवा स्तरमा एकरूपता छैन। यसले सेवा प्रदायकलाई पनि व्यवस्थापनमा अप्ठेरो पारेको छ र बिमित नागरिकलाई झन् अलमल्याएको छ। नागरिकले बिमा कार्ड बोकेर अस्पताल जाँदा सेवा नपाउने, सिफारिसको झन्झटमा परेर निजी स्वास्थ्य खर्च गर्नुपर्ने वा भुक्तानी प्रक्रिया अस्पष्ट भएर सेवा पाउने विश्वास गुमाउनेजस्ता घटना सामान्य हुँदै गएका छन्।

गरिबी र सामाजिक जोखिममा रहेका परिवारका लागि सरकारी अनुदानको प्रावधान भए पनि ती प्रणाली कमजोर छन्। वास्तविक गरिब पहिचानको अभाव छ। सूचीकृत नभएको परिवार; दलित, जनजाति वा भौगोलिक रूपले पिछडिएको क्षेत्रका मानिस अझै पनि बिमा सेवाबाट वञ्चित छन्। त्यसैले सामाजिक न्यायका दृष्टिले पनि अहिलेको स्वास्थ्य बिमा प्रणाली असफल देखिन्छ। यसरी हेर्दा नेपालको राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमले स्थायित्व, समानता र समावेशिताका आधारमा काम गर्न नसकेको स्पष्ट देखिन्छ। यसर्थ अब आवश्यक हो, नीतिगत पुनरवलोकनका साथै संरचनागत सुधार र एकीकृत सामाजिक सुरक्षा प्रणालीमा स्वास्थ्य बिमा कार्यक्रमको समावेशीकरण।

नेपालमा सामाजिक स्वास्थ्य सुरक्षाको दिगो र न्यायोचित रूप निर्माण गर्न संरचनागत रूपान्तरण अत्यावश्यक भएको छ। अहिलेको दोहोरो संस्थागत व्यवस्था, पहुँचमा असमानता र वित्तीय संकटबाट बाहिर निस्कन एउटा समन्वित, चरणबद्ध र सबै पक्ष संलग्न प्रणाली निर्माण गर्नु नै मुख्य विकल्प हो। यसका लागि निम्न सुधारका प्रस्ताव अगाडि सार्न सकिन्छ :

संस्थागत एकीकरणको पहल गर्नुपर्छ। राष्ट्रिय स्वास्थ्य बिमा बोर्डलाई सामाजिक सुरक्षा कोष अन्तर्गत एकीकृत गरी स्वास्थ्य बिमा विभागको रूपमा समेटिनुपर्छ। यसका लागि स्वास्थ्य बिमा ऐन र सामाजिक सुरक्षा ऐन दुवैको समायोजन आवश्यक छ। यो एकीकरणले जोखिम साझेदारीको दायरा फराकिलो बनाउनेछ र प्रशासनिक दोहोरोपन अन्त्य हुनेछ।

अनिवार्य सहभागितालाई प्रभावकारी बनाउन आवश्यक छ। हाल ऐनमा व्यवस्था भए पनि व्यवहारमा लागु नभएको अनिवार्य बिमा सहभागिता कार्यान्वयन गर्न कर प्रणाली, नागरिकता, रोजगार दर्ताजस्ता उपकरणसँग बिमा प्रणालीलाई जोड्नुपर्छ। यसबाट जोखिमयुक्त समूहहरू मात्र नभई कम जोखिम भएका समूह पनि प्रणालीमा समेटिन सक्छन्, जसले बिमा कोषलाई वित्तीय सन्तुलन प्रदान गर्छ।

वित्तीय संरचना न्यायोचित र प्रगतिशील बनाइनुपर्छ। औपचारिक क्षेत्रमा कार्यरत श्रमिकका लागि तलबमा आधारित योगदानबाट पूरै परिवार समेटिने व्यवस्था गर्नुपर्छ। अनौपचारिक क्षेत्रका लागि आय परीक्षणमा आधारित प्रिमियम निर्धारण गर्न सकिन्छ। गरिब तथा विपन्न परिवारका लागि सरकारले पूर्ण सब्सिडी दिनुपर्छ भने उच्च आय भएका परिवारबाट क्रस-सबसिडीका रूपमा थप योगदान उठाउन सकिन्छ।

सूचना प्रणाली एकीकृत गर्नुपर्छ। सदस्य दर्ता, दाबी, अस्पतालसँगको सम्झौता, भुक्तानी प्रक्रिया सबै एकीकृत डिजिटल प्रणालीबाट सञ्चालन गर्नुपर्छ। यसले पारदर्शिता, जवाफदेहिता र कार्यक्षमतामा गुणात्मक सुधार ल्याउनेछ।

राष्ट्रिय स्वास्थ्य बिमा बोर्डलाई सामाजिक सुरक्षा कोष अन्तर्गत एकीकृत गरी स्वास्थ्य बिमा विभागको रूपमा समेटिनुपर्छ। यसका लागि स्वास्थ्य बिमा ऐन र सामाजिक सुरक्षा ऐन दुवैको समायोजन आवश्यक छ।

खरिदकर्ता, सेवा प्रदायक र नियामक निकायबिचको स्पष्ट विभाजन कायम गर्नुपर्छ। स्वास्थ्य मन्त्रालय नीतिगत निर्देशन र गुणस्तर नियमन गर्ने निकाय बन्नुपर्छ। सामाजिक सुरक्षा कोषले सेवा खरिदकर्ताका रूपमा कार्य गर्नेछ भने सार्वजनिक तथा निजी अस्पताल स्वतन्त्र सेवा प्रदायकका रूपमा प्रतिस्पर्धात्मक सम्झौताका आधारमा परिचालित हुन सक्नुपर्छ।

सेवा प्याकेजमा एकरूपता र स्पष्टता आवश्यक छ। सबै योजना अन्तर्गत सेवाको एउटै मापदण्ड र दर निर्धारण गरी सेवा प्रदायकसँग सम्झौता गर्नुपर्छ। यसले नागरिकमा स्पष्ट सन्देश पुऱ्याउनेछ– कुन सेवा कहाँ, कति मूल्यमा र कुन सर्तमा उपलब्ध छ।

नागरिक सहभागिता र सामाजिक संवाद आवश्यक छ। बिमा प्राविधिक संरचना मात्र होइन सामाजिक ऐक्यभाव र विश्वासमा आधारित प्रणाली हो। त्यसैले नागरिक समाज, श्रमिक संगठन, निजी क्षेत्र र स्वास्थ्य संस्थाहरूको सहभागितामा निरन्तर संवाद र अनुगमन प्रणाली स्थापना गर्नुपर्छ।

# आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणा तयार गरिने



काठमाण्डु । राष्ट्रिय पर्यटन परिषद्को प्रथम बैठकले आरोग्य पर्यटनको प्रवर्द्धनका लागि रणनीतिक अवधारणापत्र तयार गर्ने निर्णय गरेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बुधबार सिंहदरबारमा बसेको बैठकले पर्यटन क्षेत्रको दीर्घकालीन तथा समावेशी विकासका लागि आरोग्य पर्यटनलाई प्राथमिकतामा राख्दै नीतिगत संरचना विकास गर्नुपर्ने निष्कर्ष निकालेको हो । स्वास्थ्य, वातावरण, पर्यटन, शिक्षा तथा स्थानीय तहका प्रतिनिधिहरू रहनेगरी उपसमिति गठन गर्दै उक्त अवधारणा निर्माणको प्रक्रियालाई औपचारिकता दिने निर्णय भएको सहसचिव इन्दु घिमिरेले जानकारी दिनुभयो।

आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणापत्र तयार गर्नका लागि पर्यटन महाशाखा प्रमुखको संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गरिएको छ । उपसमितिमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, पर्यटन विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल पर्यटन बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ, होटल एशोसिएसन नेपाल र नेपाल स्पा एण्ड वेलनेस एसोसिएसनका प्रतिनिधिहरू सदस्यका रूपमा रहनेछन्।

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बुधबार सिंहदरबारमा बसेको बैठकले पर्यटन क्षेत्रको दीर्घकालीन तथा समावेशी विकासका लागि आरोग्य पर्यटनलाई प्राथमिकतामा राख्दै नीतिगत संरचना विकास गर्नुपर्ने निष्कर्ष निकालेको हो ।**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन प्रवर्द्धन शाखाका उपसचिव उपसमितिका सदस्य सचिव तोकिएका छन् । परिषद्को यो निर्णयले नेपालमा नयाँ सभावनाका रूपमा देखा परिरहेको आरोग्य पर्यटनको समृद्धि र नीतिनिर्माणमा महत्वपूर्ण टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।बैठकमा कोशी, मधेस, गण्डकी र लुम्बिनी प्रदेशका पर्यटनमन्त्री, अन्य प्रदेशका मन्त्रालयका प्रतिनिधिलगायत परिषद्का सदस्यहरुको उपस्थिति थियो । हालै जारी भएको पर्यटन नीतिमा पर्यटनमन्त्रीको अध्यक्षतामा २७ सदस्यीय राष्ट्रिय पर्यटन परिषद् रहने व्यवस्था गरिएको छ।

पर्यटन नीतिको रणनीतिअन्तर्गत पर्यटकीय गन्तव्य र वस्तुको विविधीकरण र विस्तार गर्ने सन्दर्भमा परम्परागत तथा प्राकृतिक चिकित्सा, ध्यान, योग र आरोग्य (वेलनेस) पर्यटनको प्रवर्द्धन गर्न सम्बन्धित सङ्घसंस्थासँग सहकार्य गरिने उल्लेख छ।

परिषद् बैठकले पर्यटन नीति, २०८२ को कार्यान्वयनका लागि कार्ययोजनामा उल्लेख भएका आआफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषय कार्यान्वयनलाई प्राथमिकता दिने निर्णय गरेको छ।रासस

# आत्मनिर्भरतर्फ अग्रसर भई विकासशील राष्ट्रमा स्तरोन्नति गराउने तयारीः प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रको स्तरोन्नतिको तयारीमा नेपाल जुटेसँगै मुलुकको अन्तरराष्ट्रिय छवि उँचो भई नेपाल आत्मनिर्भर हुने दिशातर्फ अघि बढेको बताउनुभएको छ।

राष्ट्रियसभाको बुधबारको बैठकमा 'नेपालको अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति (एलडिसी ग्र्याजुएसन)सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ माथिको छलफलमा उठेका विषयमा जवाफ दिँदै प्रधानमन्त्री ओलीले स्तरोन्नति हुँदा नेपालको 'कन्ट्री रेटिङ' सूचकाङ्क बलियो बनी लगानीको थप वातावरण तयार हुने विश्वास व्यक्त गर्नुभयो।

सन् १९७१ नोभेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले अतिकम विकसित मुलुकको सूचीमा सूचीकृत गरेको ५५ वर्षपछि नेपालले स्तरोन्नतिको अवसर पाउँदैछ । हाल ४५ देश सम्मिलित समूहको नेतृत्व गरेको नेपाल अन्य सात मुलुकसँगै आगामी मङ्सिरमा स्तरोन्नति हुँदैछ। उहाँले 'भिजिट डिप्लोमेसी'को अवधारणालाई आत्मसात् गरी 'सगरमाथा संवाद' र 'लगानी सम्मेलन'जस्ता राष्ट्रिय तथा अन्तरराष्ट्रिय महत्वका सम्मेलनमार्फत आर्थिक कूटनीतिलाई जोड दिएको बताउनुभयो।

विगतको १५औँ योजना र चालु १६औँ योजनाले लिएका लक्ष्य 'समृद्ध नेपाल र सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षाको सफल कार्यान्वयनको नतिजा



देश सञ्चार

देखा पर्नथालेको प्रधानमन्त्री ओलीको भनाइ छ । "अहिले आर्थिक सुधारका राम्रा लक्षण देखा पर्नथालेका छन् । चालु सोह्रौँ योजनाको सामाजिक न्याय, सुशासन र समृद्धिका दूरदृष्टि, लक्ष्य र उद्देश्यहरु 'एलडिसी' स्तरोन्नतिपछिको अवस्थालाई आधार मानी तयार गरिएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "स्तरोन्नति हुँदा नेपालले अतिकम विकसित राष्ट्रको हैसियतले विविध क्षेत्रमा प्राप्त गर्ने सुविधाहरुमा केही कटौती हुने स्थिति छ। नेपालमा पर्ने जलवायु परिवर्तनको असर र प्राकृतिक प्रकोपको प्रतिकूलताले नेपालको प्रगतिमा बाधा उत्पन्न हुनसक्छ । यही परिस्थितिको आँकलन गरेर गत वर्षदेखि नै सम्बद्ध निकायमार्फत अन्तरराष्ट्रिय कूटनीतिक पहल भइरहेको छ । हामी चुनावका बेला प्रतिस्पर्धा गरौँ, अरु बेला विकासका लागि साझा प्रयास गरौँ । उत्पादन र उत्पादकत्व बढाऔँ।"

नेपालले सन् २०१० देखि नै आवधिक योजना, बजेट तथा कार्यक्रममार्फत स्तरोन्नतिका प्रयास गर्दै आएकामा संयुक्त राष्ट्र सङ्घले सन् २०१५, २०१८ र २०२१ मा गरेको मूल्याङ्कनमा नेपालको मानव सम्पत्ति सूचकाङ्क र आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्कमा प्रगति गरेको जनाएको थियो। तर प्रतिव्यक्ति कूल राष्ट्रिय आयमा हालै मात्र सुधार भएकाले नेपाललाई सन् २०२६ मा मात्र यो अवसर आएको हो।

आवधिक योजना कार्यान्वयनका लागि सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय निर्देशक समिति र प्रदेशस्तरीय कार्यान्वयन समिति गठन गरी छ वटा रणनीतिहरू कार्यान्वयन गरिरहेको छ। नेपालको स्तरोन्नतिलाई दिगो बनाइराख्न केही कानुन खारेजी, केही संशोधन र केही कानुन नयाँ बनाउनुपर्ने अवस्था रहेकाले यसमा नेपाल सरकारले आवश्यक प्रक्रिया अघि बढाएको प्रधानमन्त्री ओलीले जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले पूर्वाधार तथा 'कनेक्टिभिटी' बढाइ नेपाललाई 'ल्याण्ड लक्ड'बाट 'ल्याण्ड लिङ्क्ड' बनाउने र बहुराष्ट्रिय कम्पनीमार्फत मूल्य शृङ्खलाको विकासमा जोड दिने प्रयास गरिएको बताउँदै निजी क्षेत्रमा पर्ने प्रभाव, श्रम तथा रोजगारको क्षेत्रमा गर्नुपर्ने सुधार एवं व्यापारमा पर्ने प्रभावका सम्बन्धमा सरकारले आवश्यक रणनीति तय गरेको जानकारी दिनुभयो।

विश्व अर्थतन्त्र ऋणात्मक हुँदा पनि नेपालको अर्थतन्त्र नकारात्मक दिशामा जान पाएन र नेपालको मेहनतले फेरि अर्थतन्त्रले गति लिन थालेको बताउँदै उहाँले विकासशील मुलुकमा स्तरोन्नतिमा जान नेपालको सबै मापदण्ड पुगेको स्पष्ट गर्नुभयो ।प्रधानमन्त्री ओलीले अन्तरराष्ट्रिय क्षेत्रमा प्रभावकारी कूटनीतिमार्फत वैदेशिक सम्बन्ध थप सुदृढ गर्ने प्रयास गरेको र अन्तरराष्ट्रिय सन्धिसम्झौताहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याएको उल्लेख गर्दै खरिद ऐन, निर्माणसँग सम्बन्धित नीति तथा कानुनहरुको अध्ययन गरी संशोधन गर्नेतर्फ सरकार केन्द्रित रहेको बताउनुभयो।

उहाँले भूपरिवेष्टित र विकासशील मुलुकहरुको तेस्रो अन्तररष्ट्रिय सम्मेलनमा भाग लिन यही साउन १८ गते तुर्कमिनिस्तान जाने पनि सदनलाई जानकारी गराउनुभयो। प्रधानमन्त्री ओलीले सरकारले भ्रष्टाचार गर्नेलाई कारबाही गर्न थालेका आधारमा भ्रष्टाचार व्यप्त रहेछ भन्ने भाष्य नबनाउन पनि सबैसँग आग्रह गर्नुभयो।

राष्ट्रियसभाको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'नेपालको अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति (एलडिसी ग्रयाजुएसन) सम्बन्धी अध्ययन प्रतिवेदन, २०८१ प्रस्तुत गर्नुभएको थियो । प्रतिवेदनमाथिको छलफलमा सदस्यहरुले विकासशील मुलुकमा स्तरोन्नति हुँदा कटौती हुने सहुलियत र सुविधाहरुको सामना गर्न सरकारले उपयुक्त रणनीति लिनुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# नेपालको जलवायु न्यायको विषयलाई अन्तरराष्ट्रिय जगतमा उठाइरहेका छौँ : मन्त्री देउवा

गण्डकी। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले अन्तराष्ट्रिय जगत्मा जलवायु न्यायको विषयलाई सशक्त ढङ्गले उठाउँदै आएको बताउनुभएको छ। नेपाल तरुण दल कास्कीद्वारा बुधबार पोखरामा आयोजित 'नेपालको परराष्ट्रनीति, जलवायु परिवर्तन एवं तरुण युवाहरुको सरोकार विषयक संवाद कार्यक्रम'मा उहाँले नेपाललाई जलवायुजन्य हानिनोक्सानीसम्बन्धी अन्तराष्ट्रिय कोषबाट क्षतिपूर्ति दिनुपर्ने धारणा राख्नुभयो।

सो विषयमा हालै अन्तरराष्ट्रिय न्यायिक अदालतमा समेत नेपालका पक्षबाट आफूले आवाज उठाएको उल्लेख गर्दै मन्त्री




देउवाले विकसित देशले गरिरहेको कार्बन उत्सर्जनको नकारात्मक असर नेपालले भोग्नुपरिरहेको बताउनुभयो।"हामीलाईहानिनोक्सानी कोष दिनुपर्ने, बाढीपहिरोले भत्केका पुल, विद्यालयजस्ता भौतिक संरचना बनाइदिनुपर्ने विषयमा जोडका साथ उठाएका छौँ", उहाँले भन्नुभयो, "नेपालले पनि कार्बन उत्सर्जनलाई शून्यमा झार्नुपर्छ, अहिले रहेको ४५ प्रतिशत वन क्षेत्रलाई अझ बढाउन वृक्षरोपण अभियान सञ्चालन गर्नुपर्छ।"

उहाँले जलवायु परिवर्तनले ठूलो चुनौती निम्ताएको जनाउँदै यसको जोखिम न्यूनीकरणमा नयाँ पुस्ताको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। पछिल्लो समय जलवायु परिवर्तनले पारेका असरबारे जनगुनासो धेरै आउने गरेको मन्त्री देउवाको भनाइ छ। जलवायु परिवर्तनको असरबाट आउने पिँढीलाई बचाउन वृक्षरोपण गर्नुपर्ने, प्लास्टिकको प्रयोग कम गर्नुपर्ने, विद्युतीय गाडी तथा नवीकरणीय ऊर्जाको प्रयोगलाई बढाउनुपर्ने उहाँले बताउनुभयो। मन्त्री देउवाले नेपाल भूराजीतिक हिसाबले संवेदनशील र रणनीतिक महत्वको भूगोलमा रहेको बताउनुभयो। रासस

# आपतकालीन तटबन्धको निरीक्षण



नेपालगञ्ज। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले बाँकेको राप्तीसोनारी गाउँपालिका-७, खल्ला झगडियास्थित राप्ती नदीमा निर्माण भएको आपतकालीन तटबन्धको बुधबार निरीक्षण गर्नुभएको छ।

सो अवसरमा उहाँले अस्थायी रूपमा काम भएकाले अहिले आउने बाढीलाई रोकथाम गर्ने प्रयास भएको जानकारी दिँदै स्थायी रूपमा तटबन्ध निर्माणका लागि विपद्बाट केही बजेट विनियोजन भएर ठेक्का भएको बताउनुभयो। उहाँले यसका लागि भारतीय अनुदानको पनि कुरा चलेको र राप्ती नदीको यस क्षेत्र छनोट गरेकाले लामो समयदेखि हुन नसकेको बैठक बसेर भारतीय अनुदानको टुङ्गो लाग्ने विश्वास व्यक्त गर्नुभयो।

सचिव दवाडीले एक महिनाभित्रमा बैठक बसाल्न मन्त्रालय लागिरहेको उल्लेख गर्दै भारतबाट आउने अनुदानले यस क्षेत्रमा अझै जोखिम न्यूनीकरण हुने धारणा व्यक्त गर्नुभयो।

सचिव दवाडीलाई जनताको तटबन्ध कार्यालय, लमही दाङका प्रमुख डा नारायणप्रसाद सुवेदीले तटबन्धको विस्तृत जानकारी दिनुभएको थियो । जनताको तटबन्ध कार्यालय, लमही दाङका प्रमुख डा नारायणप्रसाद सुवेदीले खल्ला झगडिया र जरैयामा आपतकालीन तटबन्ध बनाउन नयाँ अभ्यास सुरू गरिएको जानकारी दिँदै ठेक्का भइसकेकाले सो बजेटमार्फत नै स्थायी तटबन्ध हुने बताउनुभयो । डा सुवेदीले अनुसन्धानका लागि पनि तटबन्ध निर्माणका लागि नयाँ अभ्यास भएकोसमेत उल्लेख गर्नुभयो।

जिल्लामा राप्ती नदीको बाढीबाट बस्ती जोगाउन 'बेम्बोपाइलिङ र आरसिसी प्रकुपाइन' प्रविधिबाट आपतकालीन तटबन्ध निर्माण गरिएपछि तत्कालका लागि डुबान र जमिन कटानको जोखिम हटेको छ।

विसं २०७१ को बाढीपछि राप्ती नदीले धार परिवर्तन गरेपछि खल्ला झगडियालगायत दर्जनौँ गाउँ डुबानको जोखिममा परेको थियो। जनताको तटबन्ध कार्यालयले जेठ अन्तिमदेखि धमाधम आपतकालीन तटबन्ध निर्माण गरेको थियो । रु छ करोड ५० लाख लागतमा पक्की तटबन्ध निर्माण गर्ने ठेक्का भएको र यस वर्षामा डुबान हुन नदिन आपतकालीन तटबन्ध निर्माण गरिएको जनताको तटबन्ध कार्यालय, लमही, दाङले जनाएको छ।

स्थानीयवासी दुर्गा पाण्डेले आपतकालीन तटबन्धले स्थानीयको जीउ, धनको सुरक्षा भएको उल्लेख गर्दै स्थायी तटबन्धका लागि पहल गरिदिन आग्रह गर्नुभयो। "स्थायी तटबन्ध भए यहाँको कृषि उत्पादन बढ्छ र हामी जस्ता स्थानीय पनि वर्षाका समयमा ढुक्कले निदाउन पाउँछौँ", उहाँले भन्नुभयो।

खल्ला झगडियामा निर्माण भएको तटबन्धका कारण देउपुरा, पिप्रहवा, नरैनापुर गाउँपालिकाको वडा नं ६ को सोनवर्षा, कुदर वेटवा, गङ्गापुर, भगवानपुर र वडा नं ५ को नवाजीगाउँ, भोजपुर तथा डुडुवा गाउँपालिकाको वडा नं १ को कुडवागाउँ डुबान र कटानको जोखिमबाट बच्ने अनुमान गरिएको छ। रासस

# बजेट अनुशासन सुदृढ गर्न कानून निर्माणका लागि अर्थ मन्त्रालयद्वारा कार्यदल गठन

काठमाण्डु। अर्थ मन्त्रालयले बजेट अनुशासन सुदृढ गर्न कानुन निर्माणका लागि कार्यदल गठन गरेको छ । कार्यदलमा अर्थ मन्त्रालय वित्तीय सङ्घीयता समन्वय महाशाखा प्रमुख महेश बराल संयोजक रहनु भएको अर्थमन्त्री विष्णुप्रसाद पौडेलको सचिवालयले जनाएको छ।



सदस्यहरुमा अर्थ मन्त्रालयका बजेट महाशाखाका उपचिव, अर्थ मन्त्रालय कानून तथा फैसला महाशाखाका उपसचिव र विषय विज्ञमा पूर्व सहसचिव निर्मलहरी अधिकारी हुनुहुन्छ । कार्यदलको सदस्य सचिवमा वित्तीय सङ्घीयता महाशाखाका उपसचिव रहेका छन्।

चालू आर्थिक वर्षको बजेट वक्तव्यको बुँदा नं. ३५९ मा विनियोजन कुशलता कायम गरी सार्वजिनक वित्तको प्रभावकारिता वृद्धि गर्ने, बजेट अनुशासनबाट सार्वजनिक खर्चको उपलब्धी बढाउने, संघीय सञ्चित कोषलाई सन्तुलनमा राख्न नगद प्रवाह व्यवस्थापनलाई सुदृढ बनाउने उल्लेख छ। यसैगरी सार्वजनिक ऋणको उत्पादनशिल उपयोग र दिगोपन सुनिश्चित गर्ने र राष्ट्रिय वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गर्ने उल्लेख छ।

बजेटको बुँदा नं. ३७१ मा संविधानले निर्दिष्ट गरे बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहमा बजेट अनुशासन सुदृढ गर्न कानुन निर्माण गर्ने र तीनै तहमा लागू हुने गरी सार्वजनिक खर्च मापदण्ड तर्जुमा गर्ने उल्लेख छ।

बजेटमा रहेको व्यवस्थालाई कार्यान्वयन गर्न अर्थ मन्त्रालयले कार्यदल गठन गरेको हो । संविधानको धारा ५९ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य कानून अनुशासन सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ। रासस


मधेश प्रदेश सरकार

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय

उद्योग विभाग

**घरेलु तथा साना उद्योग कार्यालय**

**लहान, सिरहा**

**तालिम सम्बन्धि सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८२/०४/१५)

यस कार्यालयको चालु आ.व. २०८२/०८३ मा स्वीकृत वार्षिक कार्यकम उद्यमशिलता विकास तालिम अन्तर्गत उद्यमशिलता विकास तथा विभिन्न प्रकृतिका सिप विकास तालिम निःशुल्क रुपमा संचालन हुने भएकोले इच्छुक व्यक्तीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नको निम्ति सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**दरखास्त साथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु**

१) नेपाली नागरिकता प्रमाण पत्रका फोटोकापी - १

२) शैक्षिक योग्यताको प्रमाण पत्रको फोटोकापी - १

३) अन्य जिल्लाको ना.प्र. भएमा बसाइसाई प्रमाणपत्रको फोटोकापी - १

४) महिलाको हकमा विवाह दर्ता प्रमाणपत्र वा नागरिकताको फोटो कापी - १

५) उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्छ।

उद्योग अधिकृत


# नेपालमा अन्तरराष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्नुपर्नेमा जोड

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले गुणस्तर प्रमाणीकरणका लागि नेपालमा अन्तरराष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्नुपर्नेमा जोड दिनुभएको छ।

बुधबार मन्त्रालयमा आयोजित खानी तथा भूगर्भ विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक तथा महाशाखा प्रमुखहरूसँगको बैठकमा उहाँले नेपालमा अन्तरराष्ट्रियस्तरको गुणस्तर प्रमाणीकरणसम्बन्धी प्रयोगशाला स्थापनाकोआवश्यकताऔंल्याउनुभयो।

मन्त्री भण्डारीले भन्नुभयो, "खानी तथा भूगर्भ विभाग र गुणस्तर तथा नापतौल विभागले परिणाममुखी काम गर्नुपर्छ । अब नेपालमा अन्तरराष्ट्रियस्तरको प्रयोगशाला स्थापना गर्नु अत्यावश्यक भइसकेको छ ।" उहाँले योजनाहरू शीघ्र कार्यान्वयन गरी छरितो र प्रभावकारी परिणाम देखिनुपर्नेमा जोड दिँदै राष्ट्रको समृद्धिमा योगदान पुऱ्याउने खालका कामहरू प्राथमिकतामा राख्न निर्देशन दिनुभयो।

छलफलका क्रममा खानी तथा भूगर्भ विभागले चालु आर्थिक वर्षमा रोक्का क्षेत्र खोल्ने, खानी अन्वेषण पुनः सुरु गर्ने, कानुनी अड्चन समाधान गर्ने र अन्तरराष्ट्रिय सम्मेलनको तयारीस्वरूप विज्ञ तथा सरोकार भएकासँग शीघ्र अन्तरक्रिया गर्ने योजना प्रस्तुत गरेको थियो।

नेपाल गुणस्तर तथा नापतौल विभागले नेपाल-भारत व्यापार सहजीकरणका लागि उठाउनुपर्ने विषयहरूबारे जानकारी गराएको छ । भारतले भारतीय मानक ब्यूरो (बिआइएस) प्रमाणीकरण नपाएका नेपाली वस्तुहरूको निर्यातमा अवरोध गरेको विषय प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका क्रममा प्रमुख रूपमा उठ्ने विभागले जनाएको छ।

नेपाली उत्पादकहरूले बिआइएस प्रमाणीकरणका लागि आवेदन दिए पनि प्रक्रिया ढिलो हुँदा निर्यातमा समस्या आइरहेको विभागले जनाएको छ। नेपाल-भारतबीच यससम्बन्धी सम्झौता भए पनि कार्यान्वयनमा कमी देखिएको भन्दै मन्त्रालयको ध्यानाकर्षण गराइएको छ । दुवै विभागले चालु आर्थिक वर्ष २०८२/८३ का नीति, कार्यक्रम र बजेट कार्यान्वयनसम्बन्धी थप विवरण अर्थमन्त्रालयसँग बिहीबार हुने छलफलमा प्रस्तुत गर्ने तयारी गरेको मन्त्रालयले जनाएको छ।रासस

# रुसमा शक्तिशाली भूकम्प, सुनामीको चेतावनी

एएफपी

टोकियो। अहिलेसम्म रेकर्ड गरिएको सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एउटा रुसको कम जनसङ्ख्या भएको सुदूर पूर्वमा बुधबार बिहान गएको छ। भूकम्पका कारण प्रशान्त महासागरमा चार मिटर (१२ फिट) सम्म सुनामी आएको थियो र हवाईदेखि जापानसम्मका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको थियो।

अमेरिकी भौगर्भिक सर्वेक्षण (युएसजिएस) का अनुसार रुसको दुर्गम कामचटका प्रायद्वीपमा पेट्रोपाभ्लोभस्कबाट बिहान ८:२४ बजे (२३०४ जिएमटी मङ्गलबार) ८.८ म्याग्निच्युडको भूकम्प गएको थियो र यो रेकर्ड गरिएको १० मध्ये सबैभन्दा ठूलो थियो।रूसी अधिकारीहरूले सेभेरो-कुरिल्स्क बन्दरगाह सहरमा सुनामीले बाढी ल्याएको बताएका छन् भने स्थानीय मिडियाले कामचटकाको एलिजोभ्स्की जिल्लामा तीनदेखि चार मिटर अग्लो सुनामी रेकर्ड गरिएको बताएको छ।

रुसी सामाजिक सञ्जालमा पोस्ट गरिएको भिडियोमा सहरका भवनहरू समुद्री पानीमा डुबेको देखाइएको छ। अधिकारीहरूले लगभग दुई हजार बासिन्दालाई सुरक्षित स्थानमा सारिएको बतएका छन्।

भूकम्पबाट रुसमा धेरै मानिस घाइते भएका तर तिनीहरूमध्ये कसैको पनि गम्भीर अवस्था नभएको राज्य मिडियाले रिपोर्ट गरेको छ।"भित्ताहरू हल्लिरहेका थिए", एलिजोभ्स्कीकी एक बासिन्दाले राज्य मिडिया ज्वेज्दालाई भन्नुभयो, "राम्रो कुरा के हो भने हामीले सुटकेस तयार पारेका थियौँ, ढोकानजिकै पानी र लुगाफाटासहितको एउटा सुटकेस थियो। हामीले तुरुन्तै त्यो उठायौँ र बाहिर भाग्यौँ... यो धेरै डरलाग्दो थियो।"



संयुक्त राज्य अमेरिका, मेक्सिको र इक्वेडर लगायत उत्तर र दक्षिण अमेरिकाका प्रशान्त तटवर्ती देशहरूका अधिकारीहरूले प्रभावित समुद्री किनारहरूबाट टाढा रहन चेतावनी दिएका छन्।जापानमा मानिसहरूलाई कार वा पैदल उच्च भूमिमा निकालिएको छ। होक्काइडोमा ३० सेन्टिमिटर मापन गरिएको पहिलो लहर अवलोकन गरिएको थियो। दिउँसो (०३०० जिएमटी) सम्म जापानमा कुनै घाइते वा क्षति भएको रिपोर्ट गरिएको छैन।

हवाईमा होनोलुलुका मेयर रिक ब्लान्गियार्डीले बासिन्दाहरू र हजारौं आगन्तुकहरूलाई भवनहरूको माथिल्लो तलामा वा उच्च ठाउँमा सुरक्षित रहन भन्नुभयो।

"मानिसहरूले समुद्री किनारमा बस्नु हुँदैन, र म फेरि एक पटक भन्छु, हुँदैन, जस्तो हामीले विगतमा देखेका छौँ, सुनामी कस्तो देखिन्छ भनेर हेर्नका लागि आफ्नो जीवन जोखिममा पार्नुहुँदैन", गभर्नर जोश ग्रिनले भन्नुभयो, "यो सामान्य छाल होइन। यदि तपाईं सुनामीको चपेटामा पर्नुभयो भने यसले वास्तवमा तपाईँलाई मार्नेछ।"

**प्रशान्त चेतावनीहरू**

बुधबारको भूकम्प कामचटका क्षेत्रमा सन् १९५२ पछि सबैभन्दा शक्तिशाली थियो। क्षेत्रीय भूकम्प निगरानी सेवाले ७.५ म्याग्निच्युडको परकम्पनको चेतावनी दिएको छ।युएसजिएसका अनुसार भूकम्पको केन्द्रविन्दु त्यही वर्षको विशाल ९.० म्याग्निच्युडको भूकम्पको लगभग समान ठाउँमा छ। त्यस वर्षको भूकम्पले प्रशान्त-व्यापी सुनामी निम्त्याएको थियो।

कम्तीमा छ वटा परकम्पनले यस क्षेत्रलाई थप हल्लाएको छ। यसमा ६.९ म्याग्निच्युडको एउटा र अर्को ६.३ मा सूचीबद्ध छ।अमेरिकी सुनामी चेतावनी केन्द्रहरूले इक्वेडर, उत्तरपश्चिमी हावाइयन टापुहरू र रुसका केही तटहरूमा ज्वारभाटाको स्तरभन्दा तीन मिटरभन्दा माथिका छालहरू आउन सक्ने बताएका छन्।चिली, कोस्टारिका, फ्रेन्च पोलिनेसिया, गुआम, हवाई, जापान र प्रशान्त महासागरका अन्य टापु र टापु समूहहरूका केही तटहरूमा एकदेखि तीन मिटरको छालहरू आउन सक्ने बताइएको छ।

अस्ट्रेलिया, कोलम्बिया, मेक्सिको, न्युजिल्यान्ड, टोङ्गा र ताइवानसहित अन्य ठाउँमा एक मिटरसम्मको लहर आउन सक्ने सम्भावना छ।यसले सम्भावित अवस्थाहरूलाई 'खतरनाक' भनेर वर्णन गरेको छ। जापानको चिबा प्रान्तको इनेज बिचमा एक सुरक्षा परिधि स्थापना गरिएको थियो र एक उद्धारकर्मीले अर्को सूचना नआएसम्म समुद्री किनार प्रतिबन्धित रहेको बताए।"मैले त्यहाँ सुनामी आउने आशा गरेको थिइनँ; हामीले (चेतावनी) सुनेपछि मैले वास्तवमा यसको बारेमा मजाक गरेँ", क्यानाडाली पर्यटक १७ वर्षीया लिना लुसियरले भन्नुभयो।

"हामी यहाँ पौडी खेल्ने आशामा आएका थियौँ, तर सुनामीको चेतावनी जारी भएको सुनेपछि हामी भित्र जान सकेनौँ, पानीको नजिक पनि जान सकेनौँ", स्थानीय ३५ वर्षीया टोमोयो फुजिताले आफ्नी छोरीलाई लिएर त्यस क्षेत्रबाट निस्किँदा भन्नुभयो। टेलिभिजन फुटेजमा समुद्र तटमा धेरै ह्वेलहरू बगाएको देखाइएको छ।सन् २०११ मा ठूलो भूकम्प र सुनामीले ध्वस्त पारेको उत्तरपूर्वी जापानको फुकुसिमा आणविक संयन्त्रमा कामदारहरूलाई सुरक्षित स्थानमा सारिएको यसका सञ्चालकले बताए।

**परकम्पनहरू**

स्थानीय एएफपी पत्रकारहरूका अनुसार क्यालिफोर्नियामा मोबाइल फोनहरूमा सुनामी अलर्टहरू पठाइएको थियो।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा भन्नुभयो, "बलियो रहनुहोस् र सुरक्षित रहनुहोस् !"हवाईको लोकप्रिय वाइकिकी सर्फ समुद्री किनार नजिकै सुनामी साइरन बज्यो। त्यहाँ एएफपी फोटोग्राफरले हवाईवासीहरू उच्च भूमिमा भाग्दा ट्राफिक जाम भएको अवलोकन गरे।

अमेरिकी सुनामी चेतावनी केन्द्रहरूले सम्पूर्ण अमेरिकी राज्य हवाईका लागि यसको सर्वोच्च स्तरको अलर्ट सुनामी चेतावनी जारी गर्‍यो।

यहाँ पहिलो छालहरू स्थानीय समय साँझ ७:१७ बजे (०५१७ जिएमटी) मा आउने अपेक्षा गरिएको छ।"मानिसहरूलाई समुद्री किनारबाट टाढा रहन र तटमा नजान सल्लाह दिइएको छ", भूकम्पीय केन्द्रले चेतावनीमा भन्यो। जहाजहरूलाई दुई मिटरसम्म छालहरूको अपेक्षित आगमन अघि खुला पानीमा जान आदेश दिइएको थियो भने होनोलुलुका सरकारी कर्मचारीहरूलाई चाँडै घर पठाइएको थियो।

## चीनमा बस दुर्घटनाः
## १० जनाको मृत्यु, चार जना अझै बेपत्ता

एएफपी

बेइजिङ।चीनको उत्तरी शान्सी प्रान्तमा आइतबार बिहान बेपत्ता भएको बसमा सवार १० जनाको मृत्यु पुष्टि भएको छ। सरकारी सञ्चार माध्यमका अनुसार, घटनाको खोजी तथा उद्धार कार्य जारी रहँदा अझै ४ जना हराइरहेका छन्।उक्त बस डाटोङ सहरमा मुसलधारे वर्षाको बीच हराएको थियो। सिन्ह्वा समाचार अन्धकारमा डुबेका छन् र सयौं घरमा पानी पसेको छ।राजधानी बेइजिङमा मात्रै ३० जनाको मृत्यु भइसकेको छ, जसमध्ये सबैभन्दा बढी क्षति उत्तरपूर्वी उपनगर मियुनमा देखिएको छ। यस्तै, राजधानीलाई घेरेको हेबेइ प्रान्तमा पहिरोले ८ जनाको ज्यान लिएको छ र अझै ४ जना बेपत्ता छन्।

प्रत्येक गर्मी याममा चीनमा यस्तो प्राकृतिक विपत्ति हुने गर्दछ। जलवायु परिवर्तनका




एजेन्सीका अनुसार, एक जनाको शव पहिले नै घटनास्थलभन्दा तलतिरको क्षेत्रमा फेला परेको थियो भने अन्य शवहरू पछिल्ला खोजीहरूमा भेटिएका हुन्।

यो साता उत्तरी चीनमा परेको भीषण वर्षा र बाढीका कारण हालसम्म ४८ जनाको ज्यान गएको छ भने हजारौं मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। बाढीका कारण सडकहरू अवरुद्ध भएका छन्, गाउँहरू कारण वर्षा, बाढी र गर्मी जस्ता चरम मौसमका घटनाहरू अझै तीव्र र बारम्बार हुने वैज्ञानिकहरूले चेतावनी दिएका छन्।चीन विश्वको सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जक देश हो, तर चीनले सन् २०६० भित्र कार्बन-न्यूट्रल बन्ने लक्ष्य राखेको छ। नवीकरणीय ऊर्जा उत्पादनमा पनि चीन विश्वकै अगुवा मुलुकमध्ये एक हो।रासस

# म्यान्माको चुनावको आलोचना गर्नेलाई जेल सजाय



एएफपी

याङ्गुन। म्यान्मारको सेनाप्रति बफादार सरकार (जुन्टा) ले आफ्नो योजनाबद्ध निर्वाचनविरूद्ध आलोचना वा प्रदर्शन गर्ने जो कोहीलाई जेल सजाय दिने नयाँ कानून लागू गरेको जनाएको छ।

जुन्टाले सन् २०२१ मा भएको 'कू' मार्फत सत्ता कब्जा गरेको थियो। त्यसले बहुपक्षीय गृहयुद्ध निम्त्याएको थियो। जुन्टा प्रशासनले यसै वर्षको अन्त्यमा हुने निर्वाचनलाई शान्तिको मार्गको रूपमा व्याख्या गरेको छ।सेनाको कब्जाबाट अपदस्थ भएका डेमोक्र्याटिक सांसदहरूलगायत विपक्षी समूह र अन्तर्राष्ट्रिय अनुगमनकर्ताहरूले यो निर्वाचनलाई जुन्टाको शासनलाई वैधता प्रदान गर्ने षडयन्त्रको संज्ञा दिएका छन्।म्यान्मारको सरकारी अखबार द ग्लोबल न्यू लाइट अफ म्यान्मारका अनुसार 'बहुपक्षीय लोकतान्त्रिक निर्वाचनलाई अवरोध र व्यवधान गर्नबाट जोगाउन 'सुरक्षासम्बन्धी कानुन' मंगलबार पारित गरिएको छ।

यसको १४ पृष्ठ लामो निर्वाचनसम्बन्धी उक्त नयाँ प्रावधानमा 'चुनावी प्रक्रियाको समस्या निम्त्याउनका लागि कुनै पनि भाषण, सङ्गठित, उक्साहट, विरोध वा पर्चा वितरण' निषेध गरिएको छ।उक्त कानुनी प्रावधानले 'दोषी ठहर भएका व्यक्तिलाई तीनदेखि सात वर्षसम्म जेल सजाय हुन सक्ने समूहमा गरिएको कसुरमा पाँचदेखि १० वर्षसम्म जेल सजाय हुन सक्ने' व्यवस्था गरेको छ। उक्त प्रावधानमा मतपत्र र मतदान केन्द्रमा क्षति पुर्‍याउनुका साथै मतदाता, उम्मेदवार र निर्वाचन कार्यकर्तालाई धम्क्याउने वा हानि पुर्‍याउनेलाई बढीमा २० वर्षको जेल सजाय हुने व्यवस्था गरिएको छ।

"निर्वाचन बिथोल्ने प्रयासका क्रममा कसैको मृत्यु भएमा 'अपराधमा संलग्न सबैलाई मृत्युदण्डको सजाय हुनेछ'," नयाँ कानूनी प्रावधानमा भनिएको छ।म्यान्मारमा देशको ठूलो क्षेत्रहरू जुन्ताको नियन्त्रणभन्दा बाहिर छन्। गत वर्ष मतदानअघि तथ्याङ्क सङ्कलनका लागि खटाइएका केही सरकारी जनगणना कर्मचारीहरूले प्रतिरोध र सुरक्षा खतराहरूको सामना गर्नुपरेको थियो।देशको पाँच करोड १० लाख जनसङ्ख्यामध्ये अनुमानित एक करोड ९० लाख जनसङ्ख्याबाट तथ्याङ्क सङ्कलन गर्न सकिएको थिएन।

विश्लेषकहरूले विद्रोहविरोधी लडाकू र जातीय सशस्त्र समूहहरूले जुन्टाले आफ्नो विरोधमा उत्रने नागरिकलाई निर्वाचन कानुनको हवाला दिँदै मतदानको दौडानमा समेत प्रजातन्त्र पक्षधर समूहलाई लक्षित गर्नसक्ने बताएका छन्। संयुक्त राष्ट्रसङ्घका विज्ञहरूले गत महिना अन्तर्राष्ट्रिय समुदायलाई म्यान्माको चुनावी योजनालाई 'धाँधली' गर्ने 'कुचेष्टा' भन्दै अस्वीकार गर्न आह्वान गरेका थिए।

# कम्बोडियाले युद्धविरामको 'स्पष्ट उल्लंघन' गरेको थाइल्यान्डको आरोप

एएफपी

बैङ्कक। थाइल्यान्डले बुधबार कम्बोडियालाई सीमापार लडाइँ अन्त्य गर्न युद्धविराम सम्झौताको 'स्पष्ट उल्लङ्घन' गरेको आरोप लगाउँदै कम्बोडियाको सेनाले सीमामा राति आक्रमण गरेको बताएको छ।

पाँच दिनको झडपमा दुवैतर्फ कम्तीमा ४३ जनाको मृत्यु भएपछि दुवै देशले मङ्गलबारदेखि युद्धविरामको सहमति गरेका थिए। विवादित सीमावर्ती मन्दिरहरूको दीर्घकालीन विवादले तिनीहरूको आठ सय किलोमिटर (पाँच सय माइल) सीमामा खुला युद्धमा परिणत भएको थियो।तर थाइल्यान्डको विदेश मन्त्रालयले बुधबार बिहानसम्म जारी रहेको आक्रमणमा सिसाकेट प्रान्तमा आफ्ना सेनाहरू 'कम्बोडियाली सेनाहरूले सुरु गरेको सानो हतियारको गोली र ग्रेनेड आक्रमणको सिकार भएको' बताएको छ।

"यो युद्धविराम सम्झौताको स्पष्ट उल्लङ्घन हो", विदेश मन्त्रालयको एक विज्ञप्तिमा भनिएको छ।थाई सरकारका प्रवक्ता जिरायु हुआङ्गसाबले पनि राति झडप भएको रिपोर्ट गर्नुभयो। तर एक विज्ञप्तिमा उहाँले भन्नुभयो, "थाई पक्षले स्थिति नियन्त्रणमा राखेको छ र बिहान ८:०० बजे (०१०० जिएमटी) देखि सीमामा अवस्था सामान्य भएको रिपोर्ट गरिएको छ।"कम्बोडियाले पहिले युद्धविराम तोडेको अस्वीकार गरेको छ। युद्धविरामको उद्देश्य दुई देशले सीमावर्ती क्षेत्रबाट तीन लाखभन्दा बढी मानिसलाई विस्थापित गरिसकेको लडाइँ समाप्त गर्नु थियो।



सीमाबाट ५० किलोमिटर टाढा थाइल्यान्डको सुरिन सहरको आश्रय र भान्छाघरको रूपमा प्रयोग गरिएको एक मन्दिरमा विस्थापितहरू अनिश्चितताको अवस्थामा रहेको स्वयंसेवक थानिन किट्टिवोरानुनले बताउनुभयो। "हामी विश्वास गर्दैनौं कि कम्बोडियाले युद्धविराम मान्नेछ", ६५ वर्षीय उहाँले भन्नुभयो।

तर कम्बोडियाली पक्षमा रहेका एक एएफपी पत्रकारले गत बिहीबार लडाइँ सुरु भएदेखि तोप आक्रमणको निरन्तर आवाज सुनेको तर युद्धविरामको सुरुआतदेखि बुधबार बिहानसम्म कुनै विस्फोट नसुनेको बताए।बेइजिङले आफ्ना उप-विदेशमन्त्री सुन वेइडोङले थाई र कम्बोडियाली अधिकारीहरूसँग साङ्घाईमा बैठक आयोजना गरेको बताउनुभयो।

बैठकमा दुवैले चीनलाई युद्धविराम सहमतिलाई पालना गर्ने आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेका छन्।

**अझै नाजुक**

सामान्यतया शान्ति कायम हुनुअघि मङ्गलबार बिहान युद्धविरामको सुरुआत अस्थिर भयो। थाइल्यान्डले कम्बोडियामाथि 'आपसी विश्वासलाई कमजोर पार्ने स्पष्ट प्रयास' मा आक्रमणहरू जारी राखेको आरोप लगायो। सम्झौताको भागका रूपमा निर्धारित सीमामा प्रतिद्वन्द्वी कमान्डरहरूबीचको बैठकहरू अगाडि बढे।

थाइल्यान्डको सेनाले 'सेनाको सुदृढीकरण वा गतिविधिहरू रोक्न जसले गलतफहमी निम्त्याउन सक्छ' लगायत तनाव घटाउने कदमहरूमाथि सहमति भएको बताएको छ।

तर त्यस दिनपछि बैङ्कको सीमा सङ्कट केन्द्रका लागि विदेश मामिलाका प्रवक्ता मारती नलिता अन्दामोले चेतावनी दिनुभयो, "यस क्षणमा, युद्धविरामको प्रारम्भिक दिनहरूमा, स्थिति अझै नाजुक छ।"जेट, रकेट र तोप आक्रमणबाट कम्तीमा १५ थाई सैनिक र १५ थाई नागरिकको मृत्यु भएको छ भने कम्बोडियाले केवल आठ नागरिक र पाँच सैन्य मृत्युको पुष्टि गरेको छ।

सन् १९०७ मा कम्बोडियाको फ्रान्सेली औपनिवेशिक प्रशासकहरूले गरेको अस्पष्ट सीमाङ्कनका कारण दुवै राष्ट्रले दावी गरेको यस क्षेत्रलाई लिएर सन् २००८ देखि २०११ सम्म छिटपुट रूपमा भड्किएको हिंसामा भएको २८ को मृत्यु सङ्ख्याले यो भडकाउले उछिनेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेपपछि मलेसियामा शान्ति सम्झौता गरिएको थियो। थाइल्यान्ड र कम्बोडिया दुवैले भारी भन्सार शुल्कको धम्कीलाई टार्न व्यापारिक सम्झौताको लागि ट्रम्पलाई मनाउन खोजिरहेका छन्।

# फ्रान्सको आर्थिक वृद्धिदर बढ्यो

एएफपी

पेरिस। अनिश्चित अन्तर्राष्ट्रिय वातावरणका बावजुद यस बर्षको दोस्रो त्रैमासिकमा फ्रान्सको आर्थिक वृद्धिले गति लिएको सरकारी तथ्याङ्कले देखाएको छ। युरोक्षेत्रको दोस्रो ठूलो अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन अप्रिल र जुनको बीचमा पहिलो त्रैमासिकको ०.१ प्रतिशतको तुलनामा ०.३ प्रतिशतले वृद्धि भएको छ। यो ०.२ प्रतिशतको वृद्धिको अनुमानभन्दा केही बढी हो।

संयुक्त राज्य अमेरिकाले अप्रिलमा सुरु गरेको व्यापार युद्धका कारण अन्तर्राष्ट्रिय व्यापार वातावरण अनिश्चित भएको अवस्थामा विदेशी व्यापारले समग्र कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा ०.२ प्रतिशतको नकारात्मक योगदान गरेको छ।वर्षको पहिलो तीन महिनाको ०.५ प्रतिशतको तुलनामा यो सुधार हो। निर्यातमा देखिएको सामान्य सुधार र आयातमा देखिएको न्यून दर र परिवर्तनको तीव्र गतिका कारण भएको हो।

मुख्यतया अतिरिक्त खाद्य खरीदको कारण घरायसी उपभोग्य बस्तुको ०.१ प्रतिशतले वृद्धिमा योगदान पुर्‍याएको छ। आइएनएसइईले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "अप्रिलको अन्त्यमा परेको इस्टर र अप्रिल र मे महिनामा अनुकूल मौसमका कारण यो परिवर्तन आएको मान्न सकिन्छ।सूचीको वृद्धिले पनि दोस्रो त्रैमासिकमा वृद्धिमा सकारात्मक ०.५ प्रतिशत योगदान।

# अस्ट्रेलियामा निर्मित पहिलो रकेट दुर्घटनाग्रस्त

एपी

वेलिङ्टन। देशको माटोबाट कक्षमा पुग्ने प्रयासमा अस्ट्रेलियामा निर्मित पहिलो रकेट बुधबार १४ सेकेन्डको उडानपछि दुर्घटनाग्रस्त भएको छ।गिलमोर स्पेस टेक्नोलोजीद्वारा प्रक्षेपण गरिएको एरिस रकेट देशबाट उडान भर्ने पहिलो अस्ट्रेलियामा डिजाइन र निर्माण गरिएको परिक्रमा प्रक्षेपण यान थियो र साना उपग्रहहरूलाई कक्षमा लैजानका लागि डिजाइन गरिएको थियो।

यसले बुधबार बिहान स्थानीय समयमा क्विन्सल्यान्ड राज्यको उत्तरी भागमा रहेको सानो सहर बोवेन नजिकको स्पेसपोर्टबाट परीक्षण उडानमा प्रक्षेपण गरेको थियो।अस्ट्रेलियाली समाचार आउटलेटहरूद्वारा प्रकाशित भिडियोहरूमा २३ मिटर (७५ फिट) रकेट प्रक्षेपण टावरलाई खाली गरेको देखिन्छ र दृष्टिबाट बाहिर खस्नुअघि हावामा उडिरहेको देखिन्छ। घटनास्थल माथि धुवाँको लहरहरू उठेको थियो।हताहतको कुनै भएको खबर आएको छैन।

कम्पनीले फेसबुकमा पोस्ट गरेको वक्तव्यमा प्रक्षेपणलाई सफलताको रूपमा स्वागत गरेको छ। एक प्रवक्ताका अनुसार सबै चार हाइब्रिड-चालित इन्जिनहरू प्रज्वलित भए र पहिलो उडानमा २३ सेकेन्ड इन्जिन बलेको समय र १४ सेकेन्डको उडान समावेश थियो।गिलमोर स्पेस टेक्नोलोजीजले मे र यस महिनाको सुरुमा रकेटको अघिल्लो प्रक्षेपणहरूको योजना बनाएको थियो, तर प्राविधिक समस्या र खराब मौसमका कारण ती कार्यहरू रद्द गरेको थियो।




सिइओ एडम गिलमोरले एक विज्ञप्तिमा रकेट लन्चप्याडबाट निस्किएकोमा खुसी भएको बताउनुभयो।"निस्सन्देह म अधिक उडान समय मन पराउँथे तर यसबाट खुसी भएँ", उहाँले लिङ्कडइनमा लेख्नुभयो। गिलमोरले फेब्रुअरीमा एक निजी रकेट कम्पनीले आफ्नो पहिलो प्रयासमा सफलतापूर्वक कक्षमा प्रक्षेपण गर्नु 'लगभग नसुनिएको' कुरा थियो।

रकेटले जमिन छोडेमा प्रक्षेपणलाई सफल मान्ने कम्पनीले पहिले नै बताएको थियो। "प्रक्षेपण स्थलको पूर्वाधार 'अक्षुण्ण रह्यो'", विज्ञप्तिमा भनिएको छ।स्थानीय ह्विटसन्डे क्षेत्रीय काउन्सिलका मेयर राई कोलिन्सले यान कक्षमा नपुगे पनि पूरा भएको प्रक्षेपण 'ठूलो उपलब्धि' थियो भन्नुभयो।"यो हाम्रो क्षेत्रमा भविष्यको व्यावसायिक अन्तरिक्ष उद्योगको विशाल छलाङतर्फको महत्त्वपूर्ण पहिलो कदम हो", उहाँले फेसबुकमा लेख्नुभयो।

गिलमोर स्पेस टेक्नोलोजीजसँग निजी कोषकर्ताहरू छन् र यस महिना एरिस रकेटको विकासका लागि देशको सङ्घीय सरकारबाट ५० लाख अस्ट्रेलियन डलर (३२ लाख अमेरिकी डलर) अनुदान प्रदान गरिएको थियो। यसले अस्ट्रेलियामा नयाँ अन्तरिक्ष प्रविधिहरूको विकास र व्यावसायीकरणलाई अगाडि बढाउन सन् २०२३ मा सरकारसँग फर्मको पाँच करोड २० लाख अस्ट्रेलियन डलर अनुदान सम्झौतालाई पछ्याएको थियो।

एरोस्पेस समाचार प्लेटफर्म नासास्पेसफ्लाइटका अनुसार यो देश सयौँ उप-कक्षीय वाहन प्रक्षेपणको स्थल भएको छ तर अस्ट्रेलियाबाट कक्षमा दुईवटा मात्र सफल प्रक्षेपण भएको छ। पहिलो एरिस परीक्षण उडान ५० वर्षभन्दा बढी समयमा अस्ट्रेलियाबाट पहिलो कक्षीय प्रक्षेपण प्रयास थियो।

# घरखर्च चलाउने आम्दानी बन्न थाल्यो निहुरो



म्याग्दी । म्याग्दीको उच्च पहाडी क्षेत्रको जङ्गलमा पाइने डौडे (निहुरो)ले बजार पाउन थालेपछि आम्दानीको माध्यम बनेको छ।

केही वर्षअघिसम्म जङ्गलमा कुहिएर खेर जाने निहुरो बिक्री हुन थालेपछि ग्रामीण क्षेत्रका बासिन्दाले आम्दानीको स्रोत बनाउन थालेका हुन् । अन्नपूर्ण गाउँपालिका-१ दोवाका वडाध्यक्ष दिलीप गर्बुजाले सडक यातायात र ढुवानीको सुविधा भएपछि निहुरोले बजार पाएको बताउनुभयो।

"बर्खेबाली लगाएर फुर्सदीला बनेका गाउँलेहरु साउन र भदौ महिनामा दैनिकजसो जङ्गलबाट टिपेर ल्याएको निहुरो गाडीवालालाई बेच्छन्", उहाँले भन्नुभयो, "गाडीवालाले गाउँबाट यात्रुसँगै डौडे बोकेर बजार पुर्‍याउँछन् ।" दोवामा निहुरोबाट वार्षिक रु २५ देखि ३० लाख नगद भित्रने गरेको वडाध्यक्ष गर्बुजाले बताउनुभयो।

दोवाकी निहुरो सङ्कलक मायाकुमारी पुनले प्रतिकिलो रु ६५ देखि ७० मा गाउँबाटै निहुरो बिक्री हुने गरेको बताउनुभयो । "कुहिएर खेर गइरहेको निहुरो हाम्रा लागि आम्दानीको स्रोत बनेको छ", उहाँले भन्नुभयो, "फुर्सदको समय सदुपयोगका साथै घरखर्च चलाउने आम्दानी जुटाएका छौँ।"

दोवाका साथै दग्नाम, चिमखोला, पात्लेखेत, मुना र हिदीबाट बेनी आउने गाडीले दैनिक ५०० किलोग्राम निहुरो बेनीमा ल्याउने गरेका व्यापारीले बताएका छन् । बेनीका तरकारी तथा फलफूल व्यवसायी देवेन्द्र सुवेदीले गाउँबाट आउने निहुरो बागलुङ, कुश्मा र काठमाडौँ पठाउने गरेको बताउनुभयो।

"बेनी आइपुग्दा प्रतिकिलो दौडेको मूल्य रु १०० देखि रु १२० सम्म पर्छ", उहाँले भन्नुभयो, "गत वर्ष दैनिक एक हजार किलोग्राम निहुरो आउने गरेको थियो । यसपालि गाउँबाट गत वर्षको तुलनामा आधा मात्रै निहुरो आएको छ । माग धान्न सकिएको छैन ।" समुद्री सतहदेखि एक हजार ५०० देखि दुई हजार ५०० मिटर उचाइको ओसेपिलो ठाउँमा बर्खा याम निहुरो प्राकृतिक रुपमा उम्रन्छ । निहुरोको मुना छिप्पीएपछि सोत्तर हुन्छ। मुना अवस्थाको निहुरोलाई पकाएर तरकारी र अचारका रुपमा प्रयोग गर्न सकिन्छ । यो एक जैविक तरकारी समेत हो। निहुरो टुसा पलाएको चार/पाँच दिनभित्र ठूलो झ्याङ भएको निउरो बन्छ।

निहुरोमा एन्टीअक्सिडेन्ट पाइने भएकाले औषधीय र पोषणयुक्त तरकारीको रूपमा लिन थालिएको छ। बेनीका होटल व्यवसायी पूर्ण गौचनले पोषिलो, स्वादिलो र स्वस्थकर हुने भएकाले निहुरोको तरकारी र अचार पाहुनाले रुचाउने बताउनुभयो। रासस

# आन्तरिक ऋण शतप्रतिशत उठ्दा बाह्य ऋण ५७ प्रतिशतमा खुम्चियो

**"पुँजीगत खर्च पर्याप्त नहुँदा र आयोजनाहरुको काम समयमा नसकिँदा सबै बाह्य ऋण उठाउन सकिएन । सरकारका वार्षिक आयोजना तथा कार्यक्रमहरुमा पहिले हाम्रो आफ्नै स्रोतबाट खर्च हुने र पछि ऋणदाताबाट शोधभर्ना गर्नुपर्ने हुन्छ । तर काम नै सम्पन्न नभएपछि त्यसको शोधभर्ना पनि माग्न मिलेन । यसकारण बाह्य ऋण कम उठेको हो"**

काठमाण्डु । गत आर्थिक वर्ष २०८१/ ८२ मा सरकारले आन्तरिक ऋण शतप्रतिशत उठाउँदा बाह्य ऋण भने ५७ प्रतिशत हाराहारी मात्रै उठाउन सकेको देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत असार मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार गत आवमा आन्तरिक ऋणका लागि राखिएको रु तीन खर्ब ३० अर्बको लक्ष्य शतप्रतिशत पूरा भएको छ। तर बाह्य ऋणतर्फ रु दुई खर्ब १७ अर्ब उठाउने भनिएकोमा ५७ दशमलव ७९ प्रतिशतअर्थात् रु एक खर्ब २५ अर्ब ३९ करोड ९९ लाख मात्रै उठाइएको हो। अर्थात् गत आवमा सरकारले रु ९१ अर्ब ६० करोड एक लाख बराबर बाह्य ऋणत उठाउन सकेन।

सरकारको पुँजीगत खर्च न्यून हुनु र विकास आयोजनाको काम तोकिएको समयमा सम्पन्न हुन नसक्दा लक्ष्यअनुसार बाह्य ऋण उठाउन नसकिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले राससलाई जानकारी दिनुभयो । "पुँजीगत खर्च पर्याप्त नहुँदा र आयोजनाहरुको काम समयमा नसकिँदा सबै बाह्य ऋण उठाउन सकिएन । सरकारका वार्षिक आयोजना तथा कार्यक्रमहरुमा पहिले हाम्रो आफ्नै स्रोतबाट खर्च हुने र पछि ऋणदाताबाट शोधभर्ना गर्नुपर्ने हुन्छ । तर काम नै सम्पन्न नभएपछि त्यसको शोधभर्ना पनि माग्न मिलेन । यसकारण बाह्य ऋण कम उठेको हो", कोइरालाले भन्नुभयो।




तुलनात्मक रुपमा आन्तरिक ऋणभन्दा बाह्य ऋणको ब्याजदर सस्तो हुने र भुक्तानी अवधि पनि लामो हुन्छ। अर्कोतर्फ आन्तरिक ऋणलाई चालुगत प्रकृतिका शीर्षकमा सरकारले जथाभावी खर्च गर्ने तर बाह्य ऋणलाई ऋणदाताले समेत पुँजीगत प्रकृतिका र पुँजी निर्माणमा बढी केन्द्रित गर्नुपर्ने शर्त राख्ने भएकोले बाह्य ऋणलाई बढी प्रभावकारी मानिन्छ। त्यस्तै, बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुनुपर्ने कर्जालाई सरकारले नै प्रयोग गरिदिँदा मुद्राबजारमा समेत त्यसको असर देखिने गरेको छ।

गत आर्थिक वर्षमा सरकारले कूल रु पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको थियो । जसमध्ये रु चार खर्ब ५५ अर्ब ३९ करोड प्राप्त भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा गत आवको कूल सार्वजनिक ऋण प्राप्ति ८३ दशमलव २५ प्रतिशत हो।

कार्यालयका अनुसार गत आवमा मात्रै रु दुई खर्ब ३१ अर्ब आठ करोड थपिएर कूल सरकारी ऋण रु २६ खर्ब ६९ अर्ब ५७ करोड पुगेको छ। जुन कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ७१ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा असार मसान्तसम्म वैदेशिक ऋणको हिस्सा ५२ दशमलव ४९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ५१ प्रतिशत छ । कार्यालयका अनुसार हाल सरकारले रु १२ खर्ब ६३ अर्ब छ करोड ४५ लाख आन्तरिक र रु १४ खर्ब एक अर्ब ३५ करोड २८ लाख बाह्य ऋण तिर्न बाँकी छ। कूल गार्हस्थ्य उत्पादनको आधारमा आन्तरिक ऋण २२ दशमलव १४ र बाह्य ऋण २४ दशमलव ५६ प्रतिशत हुन आउँछ।

त्यस्तै, गत आवमा सरकारी ऋणको साँवा ब्याज भुक्तानीका लागि रु चार खर्बभन्दा बढी खर्च भएको छ । "आव २०८१/८२ मा ऋण सेवा खर्चमा रु चार खर्ब दुई अर्ब ८५ करोड विनियोजन भएकोमा असार मसान्तसम्म रु तीन खर्ब ६२ अर्ब ५९ करोड भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ९० दशमलव ०१ प्रतिशत हो", कार्यालयको मासिक प्रतिवेदनमा भनिएको छ । कूल गार्हस्थ्य उत्पादनको आधारमा असार मसान्तसम्ममा ऋण सेवा खर्च पाँच दशमलव ९४ प्रतिशत रहेको छ।

गत आवमा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीको लागि रु तीन खर्ब चार अर्ब १९ करोड १२ लाख खर्च गरेको छ भने बाह्य ऋणको साँवा ब्याज भुक्तानीका लागि रु ५८ अर्ब ४० करोड १३ लाख खर्चिएको छ।रासस

# सांस्कृतिक पहिचान झल्कने बर्खे नाच सुरु

गलेश्वर । म्याग्दीको सदरमुकाम बेनीमा मङ्गलबारदेखि नेवार समुदायको तीन सय वर्ष पुरानो सांस्कृतिक पहिचानको रुपमा रहेको बर्खे नाच मङ्गलबारदेखि सुरु भएको छ।



पहिलो दिन लाखे नाच प्रदर्शन गरिएको छ । करिब तीन सय वर्षअघि भक्तपुरबाट नेवार समुदाय बेनीमा आएसँगै बेनीमा नेवार संस्कृतिको अभिन्न अङ्ग मानिएको वर्षे नाच भित्रिएको जानकारहरु बताउँछन् । यसरी बेनीमा भित्रिएको बर्खे नाचअन्तर्गत हरेक वर्षको नागपञ्चमीका दिनदेखि बेनीमा विभिन्न नाचका साथै लाखे नाच देखाउने गरिन्छ । नेपाल भाषा मंकाखलको आयोजना तथा यूवा सङ्गठन ल्यामपुचको व्यवस्थापनमा सदरमुकाम बेनीबजारमा लाखे नाच सुरु गरिएको हो।

घण्टाकर्ण चतुर्दशीका दिन परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको भनिएको घण्टाकर्ण नाम गरेको राक्षसको प्रतिमालाई म्याग्दी नदी र कालीगण्डकीको दोभानमा लगेर विसर्जन गरिएपछि बेनीमा बर्खे नाच भएको हो। पति वियोगमा विक्षिप्त बनेकी घण्टाकर्णकी श्रीमतीको चरित्र लाखे नाचमा प्रदर्शन गरिन्छ । ठूलाठूला आँखा भएकी, दाह्रा निस्केकी, जगल्टा फिँजाएकी स्वरुपकी घण्टाकर्णकी श्रीमतीलाई लाखेको सङ्ज्ञा दिएर प्रदर्शन गरिने यो नाच बेनीमा प्रसिद्ध छ।

हरितालिका तीजको दिनसम्म देखाइने विभिन्न नाचलाई बर्खे नाच भनिन्छ । साउन १३ गतेदेखि सुरु भएको बर्खे नाचअन्तर्गत भदौ १० गते हरितालिका तीजको दिनसम्म विभिन्न नाच देखाउने तयारी भएको नेपाल भाषा मंकाः खलः अन्तर्गतको ल्यामपुचःका पूर्वअध्यक्ष एवं उद्योग वाणिज्य सङ्घ म्याग्दीका अध्यक्ष सुविन श्रेष्ठले बताउनुभयो। यही साउन ९ गते घण्टाकर्ण चतुर्दशीका दिन दानवको प्रतीक घण्टाकर्णको प्रतिमालाई कालीगण्डकी नदीमा विर्सजन गरेपछि बर्खे नाचका लागि तयारी सुरु गरिएको थियो।

बेनीमा लाखे नाच, जोगी नाच, नागनागिनी नाच, श्रीकृष्ण रथयात्रासहित विविध नाच देखाइने गरिन्छ । जनशक्तिको अभाव हुन थालेपछि रोपाइँ नाच, हनुमान नाचलगायत धैरै जनशक्ति भएका नाचहरु भने नियमित हुन सकेका छैनन्। बर्खे नाचको सुरुवात लाखेको पति अर्थात् घण्टाकर्ण नामक राक्षसको पुत्ला दहन गरेर हुन्छ भने तीजको दिन साँझमा दानवीय स्वरूपको लाखेलाई भगवान् श्रीकृष्णरुपी शक्तिले बध गरेपछि यो नाचको अन्त्य गरिन्छ।

हिन्दू धर्म ग्रन्थमा वर्णित द्वापरयुगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको अभिनय गरी यो नाच नाच्ने गरिन्छ। नेपाल भाषा वंशावलीअनुसार लाखे नाचको चलन राजा गुणकामदेवले सुरु गरेको बताइए राजा प्रताप मल्लका पालादेखि मुकुट लगाएर लाखे नाच्ने गरिएको नेवार समुदायका अगुवाले बताएका छन्।

बर्खे नाचअन्तर्गत लाखेनाच, घोडानाच, नागानागीनी नाच, श्रीकृष्ण र रथयात्रासहित विविध नाच देखाइने नेपाल भाषा मंका खलःका उपाक्ष्यक्ष कुबिरकुमार श्रेष्ठले बताउनुभयो। बर्खे नाचअन्तर्गत जनैपूर्णिमाको दिन र भोलिपल्ट वर्षभरिमा दिवङ्गत भएका व्यक्तिको घरबाट उनीहरुको सम्झनामा सापरु अर्थात नागानागीनी नाच निकाल्ने चलन छ । बेनी बजारमा बस्ती बसेदेखि नै नेवार समुदायको सक्रियतामा बर्खे नाच देखाउँदै आएको पाइन्छ।

ऐतिहासिक महत्व बोकेको यो नाचमा पछिल्लो समय बेनीका युवाले सक्रियतापूर्वक सहभागिता जनाउने गरेका छन् । घण्टाकर्ण पर्वको अवसरमा बेनीस्थित संगम चोकमा घण्टाकर्णको आकृति बनाएर बजार परिक्रमा गरी म्याग्दी र कालीगण्डकी नदीको दोबानमा लगेर बिसर्जन गर्ने परम्परा छ।

तीजको दिनमा दानवीयस्वरुपको लाखेलाई भगवान श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच सकिने प्रचलन रहेको नेपाल भाषा मंका खलःका उपाध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो।रासस

# बर्खामा पनि ढोरपाटनमा पर्यटक भरिभराउ

गलकोट । बागलुङको पर्यटकीय गन्तव्य ढोरपाटनमा पर्यटक बढेपछि गोठालाको आय आर्जनमा वृद्धि भएको छ।

ढोरपाटन पुगेका केही पर्यटक पदमार्गमार्फत बुकीपाटन पुग्ने गरेका छन्। बुकी पुग्ने पर्यटकका लागि खान बस्नमा सघाउँदै आएका गोठालको आम्दानी बढ्दै आएको छ। पदमार्ग आसपास र बुकीपानमा चिया नास्ताका लागि स्थानीय उत्पादन खपत हुने गरेको छ । बुकीपाटन पुगेका पर्यटकह गोठमै बस्ने र खाने गर्दा भैंसीको दूध, घ्यू तथा भेडाको मासु गोठमै खपत हुन थालेको हो।



गोठालाले उत्पादन गरेको दूध, दही र महीसमेत बुकीपाटनमै खपत भएपछि आयआर्जनमा वृद्धि भएको गोठालाहरु बताउँछन् । उनीहरुले पर्यटकलाई भैंसीको दूधसँगै दूधबाट बन्ने खिर, चिया, मही तथा दही खुवाएर आम्दानी गर्न थालेका छन्। भैंसी पालेर घ्यू उत्पादन गरेर बिक्री गर्दै आउनुभएका बुकीपाटनका भैंसी गोठाला ७२ वर्षीय देवबहादुर विकले चरीचरनका रुपमा रहेको बुकीपाट पर्यटकीय गन्तव्य बनेपछि गोठमै पैसा आउन थालेको बताउनुभयो।

"पहिला त ढोरपाटन ल्याएर घ्यू बिक्री गरिन्थ्यो, मही त फालिन्थ्यो, अहिले बर्खामा पर्यटक भरिभराउ छन् बुकीपाटनमा पर्यटकहरु आएपछि महीसमेत बिक्री हुन्छ", उहाँले भन्नुभयो, "पर्यटक बढेपछि यही गोठमा समेत बस्न आउँछन्, भैंसीको दूधको खिर पकाएर पर्यटकलाई खुवाइन्छ, गोठमै दूध, मही बिक्री भएपछि बोकेर ढोरपाटन ल्याउनैपर्ने भएन।"

बुकीपाटन उक्लनले बीच बाटोको चेप्टेढुङ्गामा गोठबाटै चिया बिक्री गरेर राम्रो आम्दानी गरेको गुमानसिंह कुमाइले बताउनुभयो । बुकी उक्लनेलाई प्रतिगिलास रु १०० मा चिया बिक्री गर्दै आएको उहाँको भनाइ छ । दूधको चिया खपत भएपछि घ्यू र दही बनाउने झन्झट नभएको कुमाइको भनाइ छ।

उहाँको गोठमा एकै दिन १०० गिलाससम्म चिया खपत भएको छ। तीन वटा भैंसी र ६० वटा बाख्रा पाल्दै आउनुभएको कुमाइको चेप्टेढुङ्गामा अस्थायी घुम्ती गोठ रहेको छ । पदयात्राको छेउमै गोठ भएकाले दूध र चिया असारयता निकै खपत भएको उहाँको भनाइ छ।

"बुकीमा चरेका भैंसीको दूधको चिया पदयात्रीले निकै मिठो मानेर खाने गरेका छन्, दूधबाट चिया बनाउन थालेपछि यो सिजनमा घ्यू बनाउन आवश्यक छैन", कुमाइले भन्नुभयो, "पर्यटकका कारण गोठमै पैसा आएको छ, पहिला-पहिला खेर जाने मही समेत अहिले महँगो मूल्यमा बिक्री हुन्छ, घण्टौँ हिँडेका पदयात्रीले मिठो मानेर मोही, दही, चिया खाने गरेका छन्।"रासस


जनकपुरधाम उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल
सूचना नं. ०१/२०८२/०८३

**फोहोरमैला व्यवस्थापन स्थलका लागि जग्गा बहालमा दिनका लागि निवेदन माग गरिएको सूचना**

सूचना प्रकाशित मिति : २०८२/४/१५

यस जनकपुरधाम उप-महानगरपालिका क्षेत्रमा दैनिक उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन गर्नका लागि जग्गा आवश्यक भएकोले उप-महानगरपालिकालाई जग्गा दिन इच्छुक यस ज.उ.म.न.पा. क्षेत्रभित्रका जग्गाका जग्गाधनीहरुवाट देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिवाट १५ दिनभित्र यस कार्यालयमा निवेदन दिन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू:**

१. जग्गा एकै ठाउँमा हुनु पर्ने छ। साँध सीमाना मिल्दो जग्गा भए फरक फरक जग्गाधनीहरु मिलेर पनि आवश्यक जग्गा दिने गरि निवेदन दिन सकिनेछ।
२. निवेदनका साथमा नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, चालू आ.व.को मालपोत तिरको रसिद, जग्गाको नक्सा संलग्न राखि जग्गाधनी स्वयं यस कार्यालयमा उपस्थित भै निवेदन दिनु पर्नेछ। स्वयं उपस्थित हुन नसक्ने जग्गाधनीले प्रचलित कानुन बमोजिम प्रतिनिधि तोकी पठाउनु पर्नेछ।
३. जग्गाले वस्ती समुदाय, विद्यालय, वाटोघाटो, कुलोपैनी, मसानघाट, सार्वजनिक जग्गा, चरनक्षेत्र, वन क्षेत्र, सार्वजनिक/सामुदायिक भवन, कार्यालयहरु, नदीनाला आदिको क्षेत्र अतिक्रमण नगरेको, जग्गाको स्वामित्व तथा हकभोग सम्बन्धमा कुनै करकिचलो नभएको, मोही नभएको, गाडी जान सक्ने वाटो र बस्ती तथा विद्यालय भन्दा कम्तीमा एक कि.मी. टाढा रहेको हुनुपर्नेछ।
४. निवेदनमा जग्गा कुन दरमा दिन सक्ने हो स्पष्ट हुने गरि अंक र अक्षरमा खुलेको हुनुपर्नेछ।
५. यस सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ।

उप–सचिव


# तीज गीतमार्फत सामाजिक चेतना जगाउँदै

पोखरा।

***रुढीवाढी यो समाजको अग्लो पर्खाल नाघेर***
***महिला हामी एक भई उठौँ जागेर …***

गायिका हरिदेवी कोइरालाको लय, शब्द र स्वरमा सजिएको यो तीज गीतमार्फत महिलालाई हक र अधिकार प्राप्तिका लागि अघि बढ्न आह्वान गरिएको छ । तीज महिलाको पर्व भएकाले तीजका गीतमा महिलाका कथा नै हुनुपर्छ भन्नुहुन्छ उहाँ । उहाँका तीज गीतमा पनि महिलाका दुःख, पीडा, बेदना, सङ्घर्षका कथाका साथै हक र अधिकारका विषय उठान गरिएको पाइन्छ।



नारीहरुको महान् पर्व तीज नजिकिँदै गर्दा उहाँले जस्तै बजारमा तीजका गीत ल्याउने क्रम सुरु भइसकेको छ । केही गीतमा मौलिकता झल्किन्छ भने केही गीत आधुनिक शैलीका छन्। पछिल्लो समय तीजका गीतमा आधुनिकता हावी हुँदा यसको मौलिकता हराउने पो हो कि भन्नेमा गायिका कोइराला चिन्ता व्यक्त गर्नुहुन्छ। त्यसै सिलसिलामा उहाँले यस पटक पनि 'उठौँ जागेर' बोलको तीज गीत ल्याउनुभएको छ।

कोइरालाको आफ्नै स्वर, शब्द र लयमा सजिएको यस गीत तीजको मर्म र महिलामाथि भइरहेको प्रहारविरुद्धलाई उठान गरिएको छ । गीतमार्फत महिलालाई अधिकार र सम्मानका लागि एकजुट हुन आह्वान गरिएको छ।

तीज गीतमा बढ्दो विकृतिप्रति चिन्तित कोइरालाले हरेक वर्ष मौलिक भाकाका गीतहरू सिर्जना गर्दै आफ्नो कर्मलाई निरन्तरता दिँदै आउनुभएको छ । यो वर्षको 'उठौँ जागेर' उहाँको पहिलो प्रस्तुति हो। बाँकी तीन गीतको रेकर्डिङ सकिएको र छिट्टै बजारमा आउने तयारीमा रहेको उहाँको भनाइ छ। "मैले यसपटक राम-सीताको गाथा जस्ता धार्मिक प्रसङ्ग, छोरीको इच्छाविपरीत विवाह गरिदिने सामाजिक पीडा, माइतीको सम्झनालाई गीतमा उतारेकी छु", उहाँले भन्नुभयो, "तीजका गीत महिलाका सुख, दुःख, बेदना र सामाजिक चेतना बोल्ने सशक्त माध्यम हुन्, तर आजभोलि बजारमा आउने अधिकांश गीत महिलाको अस्मितामाथि धावा बोल्दै वस्तुकरण गर्न खोजेको जस्तो देखिन्छ।"

उहाँले आफू तीज संस्कृति र सङ्गीतको संरक्षणमा आफू एक्लै भए पनि निरन्तर लागिरहने बताउनुभयो। "लोक संस्कृति जोगाउनु केवल पुराना गीत संरक्षण मात्र होइन, यो हाम्रो सामूहिक पहिचान र अस्तित्वको आधार हो । यसले हामीलाई आफ्नो इतिहास र पुर्खाको ज्ञानसँग जोड्दै सामाजिक एकतालाई बलियो बनाउँछ। हाम्रो मौलिक कला, ज्ञान र जीवनशैलीलाई बलियो पार्दै भावी पुस्तालाई मौलिक चिनारी हस्तान्तरण गर्न लोक संस्कृतिको संरक्षण अपरिहार्य छ", उहाँले भन्नुभयो।

कोइरालाको मौलिकताको खोज केवल शब्द र सन्देशमा मात्र सीमित छैनन्, परम्परागत मौलिक घर, चौतारी, कुवा पँधेरो, गोठ, खेतबारीको मौलिकपन पनि भेटिन्छ । समय बदलिए पनि महिलाका लागि आज समाज सुरक्षित हुन नसकेको र महिलामाथि शोसन दमन र विभेद उस्तै रहेको अनुभव सुनाउँदै उहाँले मौलिकताभित्र सशक्तीकरण र विद्रोहका गीत गाएर सामाजिक जागरण ल्याउन सकिने विचार राख्नुभयो। रासस

# सुख्खा संकटबीच सर्लाहीको धनकौल गाउँपालिकाको राहत




**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेश सुख्खाग्रस्त क्षेत्र घोषणा भएसँगै त्यसको प्रत्यक्ष मारमा परेका नागरिकलाई राहत दिन सर्लाहीको धनकौल गाउँपालिकाले महत्त्वपूर्ण र प्रशंसनीय निर्णयहरू गरेको छ।

गाउँपालिका अध्यक्ष रामआश्रय साहको पहलमा आज बसेको कार्यपालिका बैठकले पालिकावासीलाई सहज हुने गरी विभिन्न सेवाहरूमा शून्य शुल्क नीति लागु गर्ने घोषणा गरेको छ।

आर्थिक वर्ष २०८२/०८३ का लागि धनकौल गाउँपालिकाभित्रको मालपोत कर, व्यक्तिगत घटना दर्ताको विलम्ब दस्तुर र प्रतिलिपि दस्तुर पूर्ण रूपमा निःशुल्क गरिने भएको छ। यो निर्णयले लामो समयदेखि आर्थिक भार र प्रशासनिक झन्झट खेपिरहेका किसान तथा आम नागरिकलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको छ । अध्यक्ष साहले जारी गरेको विज्ञप्तिमा सुख्खाको चपेटामा परेका जनतालाई सहयोग पुऱ्याउन यो कदम चालिएको उल्लेख छ । गाउँपालिकाले सुख्खाग्रस्त अवस्थाको प्रत्यक्ष प्रभाव खेपिरहेका किसानहरूको असहजतालाई बुझ्दै सिँचाइ योजनालाई पनि उच्च प्राथमिकतामा राखेको छ । विशेषगरी, पानीको अभावलाई सम्बोधन गर्न डिप ट्यूबवेल बोरिङ जडान कार्यलाई निरन्तरता दिने निर्णय गरिएको छ, जसबाट कृषक वर्गलाई सिँचाइमा सहजता भई उत्पादनमा वृद्धि हुने आशा गरिएको छ। गाउँपालिकाले सबै गाउँलेलाई यी सुविधाको लाभ लिन आग्रह गरेको छ।

गाउँपालिका अध्यक्ष रामआश्रय साहको यो कदमलाई उनको दोस्रो कार्यकालको एक महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । मेयर साहकै अथक प्रयासमा धनकौल गाउँपालिकाले 'शून्य शुल्क' को नीति अवलम्बन गरेको र यस्तो कामले जनताको मन जितेको स्थानीय बताउँछन्। संकटको बेला जनताको पिरमर्का बुझेर गरिएको यो निर्णय अन्य स्थानीय तहका लागि पनि उदाहरणीय बन्ने देखिएको छ।

# मधेशका पूर्वप्रदेश प्रमुख अहिराजलाई थुनामा पठाइयो

अहिराजविरुद्ध एक नाबालिकासँगको सम्बन्धलाई लिएर महिला प्रहरी सेलमा उजुरी परेको थियो ।

**टुडे समाचारदाता**

काठमाण्डु । बलात्कार मुद्दामा मधेश प्रदेशका पूर्व प्रदेश प्रमुख राजेश झा अहिराज झालाई थुनामा पठाउन अदालतले आदेश दिएको छ।

बुधबार भएको थुनछेक बहसपछि काठमाण्डु जिल्ला अदालतका न्यायाधीश पिताम्बर शर्माको इजलासले उनलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ।

अदालतको आदेशपछि उनी डिल्लीबजार कारागार चलान भएका छन् ।

अहिराजविरुद्ध एक नाबालिकासँगको सम्बन्धलाई लिएर महिला प्रहरी सेलमा उजुरी परेको थियो ।

बलात्कार आरोपमा काठमाडौं जिल्ला अदालतबाट गत चैत २५ गते पक्राउ पुर्जी जारी भएपछि फरार रहेका उनलाई प्रहरीले साउन ४ मा काठमाण्डुबाट पक्राउ गरेको थियो।

जिल्ला सरकारी वकिल कार्यालयले अहिराजविरुद्ध मंगलबार काठमाण्डु जिल्ला अदालतमा अभियोग दर्ता गरेको थियो।

२०८१ जेठ ४ गते आफू डेरामा बसिरहेका बेला अहिराजले कोही नभएको मौका छोपेर मुख थुनेर आफूलाई जबर्जस्ती करणी गरेको आरोप पीडित युवतीको छ।

तर, त्यसलाई अहिराजले खण्डन गर्दै विदेश जाने भनेर युवतीले आफूसँग पटकपटक पैसा मागेको र उक्त रकम नदिएपछि आफूविरुद्ध षडयन्त्रको रूपमा जबर्जस्ती करणी मुद्दामा



जाहेरी दिएको सरकारी वकिलसँगको बयानमा उल्लेख गरेका छन् ।

बयानमा अहिराजले २०८१ भदौ १८ गते युवतीले आफूलाई ह्वाट्सएपमा लक्ष्मी सनराइज बैंकको खाता पठाएको र २३ गते आफूले तीन लाख दिएपछि बैंकमा जम्मा गरेर स्लिप देखाई गाडीमा बसेर होस्टलमा गएको उल्लेख गरेका छन् । अहिराजले बयान दिए अनुसार उनीसँग युवती, उनकी आमा र भाइले पटकपटक पैसा दिन धम्की दिएका थिए। शुरूमा ६० लाखदेखि बार्गेनिङ गरेर अन्तिममा २० लाखसम्म दिए कतै उजुरबाजुर नगर्ने भनेर युवती र उनकी आमाले आफूलाई धम्की दिएको कुरा अहिराजले बयानमा खुलाएका छन् ।

तर, पीडित युवतीले भने आफूलाई बलात्कार गर्दा अहिराजले 'नेपालमा पैसा र पावर हुनेकै कानून छ, तँ मधेशी परिवारको छोरी होस्, यो कुरा बाहिर आयो भने मधेशी समाजले बहिष्कार गर्छ, तँ र तेरो परिवार कहीँ कतै मुख देखाउन लायक हुनेछैन' भन्दै धम्की दिएको बयानमा उल्लेख गरेकी छिन्। युवतीले आफ्नो अस्मिता लुटेर जिउँदो लास बनाउने अहिराजलाई हदैसम्मको कारबाही गर्न माग गरेकी छन् ।

अहिराजले आफूमाथि पटकपटक पैसाको बार्गेनिङ गरेपछि २०८१ मंसिर ७ मा जिल्ला प्रहरी परिसर काठमाडौंमा आपराधिक लाभ (एक्सटर्सन)को जाहेरी दर्ता गराएको तर, त्यसमा प्रहरीले कुनै कारबाही अघि नबढाएको कुरा बयानमा उल्लेख गरेका छन् ।

# निगौल गौशालालाई हस्तक्षेप नगर्न उच्चको आदेश




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको गौशाला नगरपालिकास्थित निगौल गौशालाको मञ्जुरी विना बजार ठेक्का प्रक्रिया अगाडि नबढाउन उच्च अदालत जनकपुरले अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीशद्वय राजुराम सिलवाल र खेमराज भट्टको संयुक्त इजलासले मुद्दाको अन्तिम टुंगो नलागेसम्म गाई गौशालाको नाममा दर्ता रहेको कित्ता नं. ८२, ८३, ८४ मा कुनै प्रकारको हस्तक्षेप नगर्न नगराउन मङ्गलबार आदेश जारी गरेको छ।

गौशाला व्यवस्थापन कार्यालयले उच्च अदालतमा निषेधाज्ञा माग गर्दै निवेदन दर्ता गरेको थियो। संयुक्त इजलासले उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम नगरपालिकालाई हाटबजार ठेक्का नलगाउन अन्तरिम आदेश दिएको छ।

जारी गरिएको सो आदेशमा भनिएको छ, "साविक नमुना गाउँपालिका र गौशालाबिच २०७० असार २२ गते भएको सम्झौता अवधि समाप्त भएकाले मुद्दाका अन्तिम टुङ्गो नलागेसम्म उक्त जग्गामा गौशालाको मञ्जुरी बेगर कुनै प्रकारले हस्तक्षेप नगर्न नगराउन तथा हाटबजार ठेक्कामा लगाउने कार्य नगर्नु नगराउनु" भनि आदेश गरिएको छ।

अदालतले यसअघि पृथ्वीनारायण महतो र सतन साहसम्बन्धी मुद्दामा दिएको अल्पकालीन अन्तरिम आदेश खारेज गर्दै नगरपालिको चौपाया बजार अन्यत्र सारिसकेकोले निरन्तरता आवश्यक नरहेको उल्लेख छ।

यसअघि साउन ७ गते न्यायाधीश महेन्द्रनाथ उपाध्यायको इजलासले निवेदक श्रवणकुमार महतोको पक्षमा अल्पकालीन आदेश जारी गरेको थियो।

गौशाला नगरपालिकाले २०७० सालदेखि बजार ठेक्काबाट उठेको रकमको २५ प्रतिशत गौशालालाई दिने सर्तमा बजार सञ्चालन गर्दै आएको थियो। सम्झौताविपरीत ५ करोडभन्दा बढीको भुक्तानी नगरेकाले नगरपालिका र गौशालाकाबिच विवाद बढेको छ।

भुक्तानी नपाएपछि गौशाला आफैंले चौपाया बजारको ठेक्का उठाउन खोज्दा दुवै पक्षबिच साउन ५ गते भएको झडपमा वडाध्यक्षसहित पाँच जना घाइते भएका थिए।

नेपालका तत्कालीन श्री ३ सरकार र भारतका दरभङ्गा महाराजको सत्प्रयासले ९९ (विसं १९८३) वर्षअघि स्थपाना भएको ऐतिहासिक धरोहर निगौल गौशाला चौतर्फी आक्रमण र राजनीतिक दुराशयले धराशायी हुने अवस्थामा पुगेको छ।

# वीरगञ्ज महानगरमा दैनिक एक करोड लिटरभन्दा बढी पानी वितरण

**टुडे समाचारदाता**

वीरगञ्ज। खानेपानीको चरम अभाव झेलिरहेको वीरगञ्ज महानगरपालिकामा दैनिक एक करोड लिटरभन्दा बढी पानी आपूर्ति हुन थालेको छ।

नेपाल खानेपानी संस्थान वीरगञ्ज शाखाको नगवास्थित पम्प स्टेसनबाट डिप वेल (बोरिङ) यसै साता सञ्चालनमा आएपछि महानगरमा करिब २० लाख लिटर पानीको थप व्यवस्था भएको हो । शाखाका इन्जिनियर एवम् सूचना अधिकृत सञ्जिव यादवका अनुसार, हाले सञ्चालनमा आएको उक्त डिप वेलबाट दैनिक २० लाख लिटर पानी प्राप्त भइरहेको छ।

'यसअघि शाखाले दैनिक ८० लाख लिटर पानी वितरण गरिरहेकोमा नयाँ बोरिङ सञ्चालनमा आएपछि खानेपानीको धाराबाट मात्र एक करोड लिटर दैनिक पानी वितरण गरिरहेका छौं,' उनले भने, 'नयाँ थपिएको डिप वेलबाट प्रति मिनेट ३ हजार लिटर पानी प्राप्त भइरहेको छ।'



यो डिप वेलबाट यसभन्दा पनि बढी पानी आउने क्षमता भएपनि तत्काल महानगरको पानीको माग र आपूर्तिको तालमेल मिलाउन एक करोड लिटर मात्र पानी धाराबाट वितरण गरिरहेको उनले बताए।

सातायता विस्तारै ट्यांकीको पानीको माग घट्दो क्रममा रहेको इन्जिनियर यादवले बताए। 'साता अघिसम्म शाखाको दुई वटा ट्यांकरले मात्र दैनिक ५० हजार लिटर पानी महानगरको विभिन्न वडामा वितरण गर्दै आएको थियो,' उनले भने, 'हाल दैनिक एउटा ट्यांकरले मात्र पानी वितरण गरिरहेको छ, ट्यांकरको पानीको माग गर्दै फोन कल आउन पनि अब बन्द भएको छ।'

शाखा बाहेक वीरगन्ज महानगरको दुई वटा, प्रदेश सरकारबाट प्राप्त भएको ८ वटा, डिभिजन वन कार्यालयको एउटा समेत गरी करिब एक दर्जन ट्यांकरले हाल पानी वितरण गरिरहेका छन् । सबै ट्यांकरले पाँच लाख लिटर पानी वितरण गरिरहेको उनले बताए।

पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पनि हाल महानगरमा ट्यांकरको पानीको माग घटेको बताए । उनले पानी वितरणमा सहजीकरण गर्दै आएको नेपाली सेनाले पनि ट्यांकरको पानीको माग घटेको सूचना दिएको बताए।

हाल युनिसेफ र भोलिन्टियर क्रप्स नेपाल लगायतका संस्थाले प्रभावित क्षेत्रमा ट्यांकी स्थापनामा जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य गरिरहेकाले सहज भएको पनि उनले बताए । उनले जिल्लाभरि खानेपानीको संकट रहेका पालिकामा खानेपानी र त्यसपछि सिँचाइको वैकल्पिक व्यवस्थाको खोजीको कार्यलाई पनि तीव्रता दिइएको बताए।

# समनपुर पुल सडक खण्ड मरम्मत

**टुडे समाचारदाता**

रौतहट। रौतहट जिल्लामा जोखिमपूर्ण अवस्थामा रहेको समनपुर पुल सडक खण्डको अवस्थाबारे जिल्ला प्रशासन र सुरक्षा निकायले संयुक्त अवलोकन गरेका छन् । प्रमुख जिल्ला अधिकारी विनोद खड्का र सशस्त्र प्रहरी बलका एसपी सन्तोष बस्नेतको नेतृत्वमा निरीक्षण टोलीले सडकको वर्तमान अवस्था मूल्यांकन गर्दै मरम्मत कार्य सुरु भएको छ।

दुवै अधिकारीले अवलोकनको क्रममा जनताको सहज आवागमन र सुरक्षालाई ध्यानमा राख्दै यथासिघ्र सुधार कार्य शुरू गरिएको बताए । जोखिममा रहेका पुल र सडकका कारण यातायात अवरुद्ध हुने, दुर्घटनाको जोखिम बढ्ने, र आर्थिक गतिविधिमा प्रतिकूल असर पर्ने सम्भावनालाई मध्यनजर गर्दै चासो देखाइएको छ।

स्थानीय बासिन्दाहरूले निरीक्षण पश्चात सन्तोष व्यक्त गर्दै सिडिओ खड्का र एसपी बस्नेतलाई धन्यवाद दिएका छन् । यस संयुक्त पहललाई सरकारी संवेदनशीलता र उत्तरदायित्वको उदाहरणको रूपमा लिइएको छ। रौतहटजस्तो जिल्ला



जहाँ सडक सञ्जाल ग्रामीण जनजीवनसँग प्रत्यक्ष जोडिएको छ, त्यहाँ पुल र सडकको अवस्था निकै संवेदनशील हुन्छ। समनपुर पुल सडकखण्डको अवस्था विगत केही समयदेखि अत्यन्तै जोखिमपूर्ण रहँदै आएको छ।

सो निरीक्षणले देखाउँछ कि स्थानीय प्रशासन र सुरक्षा निकायको सहकार्यबाट तत्कालीन समस्याहरूको समाधानतर्फ अग्रसर हुन सकिन्छ। सिडिओ र एपीएफ जस्ता निकायको समन्वयले पूर्वसूचना, जोखिम मूल्यांकन र कार्यान्वयनको प्रक्रिया सशक्त हुन्छ।

तर यो मात्र अल्पकालीन समाधान हुनेछ यदि दीर्घकालीन योजना तयार पारिएन भने। तसर्थ, अबको कदम स्थानीय तह, प्राविधिक निकाय र संघीय सरकारको सहकार्यमा पूर्वाधारको मर्मत तथा स्थायी सुधारमा लाग्नु पर्छ।

समनपुर सडकखण्ड निरीक्षणले प्रशासनिक सक्रियता र जनचासोबीचको सम्बन्धलाई सुदृढ बनाएको छ। अब आवश्यकता छ, प्रतिबद्धता कार्यान्वयनमा परिणत गर्ने ताकि जनताको दैनिक जीवन सहज र सुरक्षित होस्।

प्रजिअ विनोद खड्का र एसपी सन्तोष बस्नेतको संयुक्त पहल सराहनीय छ। यस्ता कदमहरू नै स्थानीय प्रशासनप्रतिको जनविश्वास बढाउने माध्यम बन्न सक्छन्।

# घर भत्किँदा एकजना बालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चन्द्रनगर गाउँपालिका -६ स्थित कामदमा बुधबार अपरान्ह सय वर्ष पुरानो घर भत्किएर बालकको मृत्यु भएको छ। मान्छे बस्न छाडेको २० वर्ष भइसकेको नवीन सिंहको घर भत्किँदा कामद गाउँको गौतम माझीका छोरा ६ वर्षीय अरुण माझीको मृत्यु भएको छ।

भग्नावशेष अवस्थामा पुगिसकेको घरमा खेलिरहेका बालकमाथि घर भत्किएर च्यापेको स्थानीयको भनाइ छ। सशस्त्र द्वन्द्वको समयमा नवीन सिंहको



परिवारले २०६२ सालतिर घर छाडेर काठमाडौं गएर बस्दैआएका छन् । सिंहको परिवारले छाडेको घरमा गाउँका बालबालिका भेला भएर खेल्ने गरेका थिए।

बालबालिका खेलिरहेकै बेला माटो र इँटा जोडेर बनाइएको घर भत्किएको मृतक अरुणका नातेदार एवं स्थानीय ऋतुराज ऋषी (मुसहर) ले जानकारी दिए । भत्किएको घरभित्र अन्य बालबालिका पनि पुरिएको आशंका नेपाल प्रहरी र सशस्त्र प्रहरीका पदाधिकारीहरुको छ । डोजरको सहायताले इँटा पन्छाउने काम भएको छ।

भत्किएको संरचना हटाउँदा अरु मानवीय क्षति नभेटिएको इलाका प्रहरी कार्यालय केशरगन्ज बयलवासका प्रहरी निरीक्षक उमाकान्त जोशीले बताए। उनले मृतक बालकाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको बताए।

# 'जसपा' कार्यालयको ताला खुल्यो




**टुडे समाचारदाता**

राजविराज । दुई पक्षबिच सम्झौता भएपछि जनता समाजवादी (जसपा) नेपाल सप्तरीको कार्यालयमा लगाएको ताला खुलेको छ। जसपा नेपाल सप्तरीका अध्यक्ष केदारप्रसाद यादव र आन्दोलनरत युवाबिच दुई बुँदे सहमति भएपछि मंगलबार राति ताला खोलिएको युवा नेता श्याम यादवले जानकारी दिए।

पार्टीका अध्यक्ष एवं विष्णुपुर गाउँपालिकाका अध्यक्ष उमेश कुमार यादवको निर्देशनमा केदारप्रसाद यादवलाई कुटपिट गरेको भन्दै घटनामा संलग्नहरूमाथि कारबाही तथा वडा अधिवेशन सच्याउन माग राखि पार्टीका युवाहरूले तालाबन्दी गरेका थिए। केही माँग सम्बोधन भएपनि बाँकी रहेको मागहरू वार्ता र सम्वाद मार्फत समाधान गर्ने भन्दा ताला खोलिएको छ।

सहमति पत्रमा पार्टीका जिल्ला अध्यक्ष केदारप्रसाद यादव, समाजवादी विद्यार्थी युनियन सप्तरीका अध्यक्ष श्याम कुमार यादव, समाजवादी युवासंङ्घ सप्तरीका अध्यक्ष केदारप्रसाद यादव, समाजवादी विद्यार्थी युनियन सप्तरीका सदस्य एवम् महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसका स्ववियु सभापति रंजित यादवले हस्ताक्षर गरेका छन्।

# लागूऔषध क्याप्सुलसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

बारा । बारामा लागूऔषध १० हजार भन्दा बढी नशालु क्याप्सुलसहित एकजना भारतीय नागरिक पक्राउ परेका छन्। विशेष सूचनाका आधारमा मंगलवार साँझ करिब ७:३० बजे जिल्ला प्रहरी कार्यालय बारा र लागू औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंज, पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले १० हजार ३८० प्रतिबन्धित लागू औषध ट्रमाडोल क्याप्सुलसहित भारतीय नागरिकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक खेम प्रसाद नेपालको कमाण्डमा खटिएको टोलीले सिम्रौनगढ नगरपालिका-६ स्थित पावरहाउस चोकदेखि करिब ५०० मिटर पूर्व बम नहर नजिकै भारततर्फ गइरहेको विआर ०५बी के ७०३५ नम्बरको मोटरसाइकल रोकी जाँचका क्रममा मोटरसाइकलको लेगार्डमा बाँधिएको बोराबाट उक्त औषधि फेला परेको बारा प्रहरी प्रमुख एसपी सन्तोष कुमार तामाङले जनाएको छ।

पक्राउ पर्ने भारत बिहार राज्य पूर्वी चम्पारण जिल्लाको जितना थाना अन्तर्गत ग्राम पञ्चायत अगर्वा, वडा



नम्बर ६ स्थित कोडीगावा टोलका ५० वर्षीय मन्जन साह उर्फ उपेन्द्र साह रहेको प्रहरीले जनाएको छ।

पक्राउ परेका भारतीय नागरिक हिरासतमा रहेको तथा लागूऔषध ओसारपसार सम्बन्धी थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८